काठमाडौं, जि.प्र.का.
दर्ता नं २३२/०७३/०७४

www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine पाक्षिक

वर्ष ८, अंक १, २०८० असोज १६ गते Oct. 03, 2023 मूल्य रु.१५

# अब्बल सिर्जनाका धनी रोशन सिंह



नेपालको रुकुम पश्चिम विकासको क्रमले अलि पछि परेको भए पनि सिर्जनाको मूल भने धेरै भेटिने गर्छन् । तीमध्येका एउटा सिर्जनाको हिरा हुन् रोशन सिंह । उनी पछिल्लो समयका लोकप्रिय गायक बनेका छन् । उनले संगीतको यात्रा गर्न थालेको करिब एक दशक हुँदैछ तर उनका सिर्जनाले उनलाई लोकप्रियताको शिखरमै पुऱ्याएको छ । शब्द, संगीत सिर्जना र गायनको पाटोबाट सबैको मनमस्तिष्कमा अमिट छाप छोड्न सफल भएका छन् । 'ओइ ज्योति ओइ ज्योति' बोलको गीतबाट २०७३ सालदेखि औपचारिक रुपमा सांगीतिक यात्रा सुरु गरेका थिए । त्यसपछि 'तरकारीवाली' गीतलाई लिएर आए । यी दुवै गीत एकातिर व्यङ्ग्यात्मक रुपमा देखिए पनि दोहोरीमा आधुनिकता सहित फरकपन पस्किन सफल भए रोशन । एकातिर गाली अर्कोतिर ताली राखेर सांगीतिक क्षेत्रमा हिंडेका रोशन सिंहले धेरै संघर्षको उतारचढाव भोगे । उनी विदेश जानुअघि उनी एक गीत रेकर्ड गराउन चाहन्थे । त्यसैले वैदेशिक रोजगारीमा जान भिषासमेत प्राप्त गरेका उनले भिषा अवधि सकिनु अघिसम्म आफ्नो गीत गाइदिन धेरै गायकहरूको दैलोमा पुगे । तर, कसैले आफ्नो गीत नगाएपछि निराश बने । अन्ततः आफैं गायक बने । – विस्तृत रिपोर्ट पृष्ठ ५ मा




म्यूजिक खबर पाक्षिक पत्रिकाको ७ औं वर्ष पार गरी ८ औं वर्ष प्रवेश गरेको शुभअवसरमा समस्त विज्ञापन दाता, पाठकवर्ग, ग्राहकवर्ग, स्तम्भकार, समाचारदाता लगायत यस पत्रिकाका शुभचिन्तकहरुमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



म्यूजिक खबर


## रिलिज कर्नर

# राजेशपायल, युवराज र राजेशले ल्याए 'भावनाको देश'




**म्यूजिक खबर/काठमाडौं**

गायक राजेश पायल राईको स्वरमा युवराज भण्डारीको नयाँ देशभक्ति गीत संविधान दिवसको अवसर पारेर हालै सार्वजनिक गरिएको छ। सङ्गीतकार राजेश थापाले सङ्गीत रहेको 'भावनाको देश' बोलको सो गीतको सङ्गीत संयोजक फणीन्द्र राई हुन्।

काठमाडौंको ए–वान म्युजिसियन स्टुडियोमा रेकर्ड गरिएको उक्त गीतको रेकर्डिङ राजेश श्रेष्ठले गरेका हुन् भने ध्वनि सम्पादन किशोर थापाले गरेका छन्। गीतकार भण्डारीको युट्युव च्यानल वाई बी कृयसनले असोज ३ गते सार्वजनिक गरेको यस गीतको म्यूजिक भिडिओमा पूजा ठकुरीको निर्देशन रहेको छ। विनोद बमको सम्पादन र रामकुमार केसीको छायांकनमा भिडिओ साङ्गिला कृयसनले तयार पारेको हो। प्रवासमा रहेर पनि नेपाली सङ्गीत र साहित्यमा अनवरत रूपले सक्रिय तनहुँ निवासी युवराज भण्डारी हाल क्यानडा छन्। भण्डारीको एक गीति कविता सङ्ग्रह प्रकाशित छ भने 'भावनाको तस्वीर' (गजलसङ्ग्रह) र 'अर्को कर्नाली' (कवितासङ्ग्रह) प्रकाशोन्मुख छन्। उनको शब्द तथा सङ्गीतमा यस अगि पनि केही गीतहरू बजारमा आइसकेका छन्। पेशाले इन्जिनियर भण्डारी प्रवासमा साहित्यिक र सामाजिक अभियानमा सक्रिय छन्।

# शर्मिला र प्रकाशको स्वरमा 'याद आउँछ आउँदैन'




म्यूजिक खबर। बिदेशी भुमि जापानमा रहेर पनि नेपाली कला संस्कृतिमा लागि परेकी सर्जक तथा गायिका शर्मिला तामाङको नयाँ गीत 'याद आउँछ आउादैन' सार्वजनिक भएको छ। शर्मिला तामाङ र प्रकाश तामाङ टिटुङको स्वर रहेको गीतमा लय, शब्द भने शर्मिला तामाङकै रहेको छ। यस गीतमा मनिस लामाको संगीत संयोजन रहेको छ। सरगम स्टुडियोमा रेकर्ड भएको गीतलाई राजेश श्रेष्ठले रेकडिङ्ग र अर्पण थिङले मिक्सिंग गरेका हुन्।

अमर रावलको निर्देशन तथा कोरियोग्राफी रहेको गीतलाई प्रकाश खडकाले खिचेका हुन् भने मनोज कार्कीले सम्पादन गरेका हुन्। उक्त गीतको भिडियोमा संचिता बोलाखे, साजन गुरूङ र दिपिका थापाको अभिनय रहेको छ। साथीभाइ सब जना भेटिन्थ्यो पालैपालो चिप्लेटी खेलिन्थ्यो, याद आउछ आउदैन, मलाइ सधै झझल्को आइरहन्छ, तिमीले पनि बिर्सन पाउदैन। यस्तै मिठा मिठा भाबहरू गीतमा समाबेश गरिएको छ। गीतलाई शर्मिला तामाङको आफ्नै अफिसियल युटुब च्यानलबाट सार्वजनिक गरिएको हो।

# राजेश हमालको नेतृत्वमा अमेरिकामा खुल्यो "काठमाडौं समाज"





**म्यूजिक खबर/अमेरिका**

गायक तथा संगीतकार राजेश हमालको नेतृत्वमा अमेरिकामा 'काठमाडौं समाज यु.एस.एस. इन्क'को स्थापना भएको छ। मेरिकाको न्यूयोर्क शहरमा स्थापना भएको 'काठमाडौं समाज यु.एस.एस. इन्क'को कार्यालय रहने गरी स्थापना भएको हो। अमेरिकामा बसोबास गर्दै आएका काठमाडौंबासीहरूको साझा थलोको रूपमा स्थापना भएको यो संस्था समग्र नेपालीहरूको हितमा काम गर्ने उद्देश्यका साथ अगाडी बढेको गायक राजेश हमालले जानकारी गराए।

'काठमाडौं समाज यु.एस.एस. इन्क'को उपाध्यक्षमा पेमा छेवाङ शेर्पा, सूर्य सिंखडा र अमृत पाण्डे रहेका छन्। त्यस्तै इन्ता कार्की सचिव, निरन प्रजापति सहसचिव र भुवन खत्री कोषाध्यक्ष रहेका छन्।

'काठमाडौं समाज यु.एस.एस. इन्क'को वरिष्ठ सल्लाहकार समितिमा मोहन वाइवा, नवराज केसी, ओम विक्रम विष्ट र पशुपति श्रेष्ठ रहेका छन्।

संस्थाको स्थापना भएपछि अध्यक्षको हैसियतबाट गायक राजेश हमालले अमेरिकामा संभवत काठमाडौं समाज स्थापना भएको यो पहिलो भएको बताउँदै अमेरिकामा काठमाडौं समाजलाई सवैको साथ र सहयोग हुने अपेक्षा व्यक्त गरेका छन्।

# साधना सरगमसँग सन्तोष र हेमको सहकार्य, विश्व शान्ति दिवसको अवसरमा ल्याए 'शान्ति'




**म्यूजिक खबर /काठमाडौं**

चर्चित भारतीय गायिका साधना सरगमको स्वरमा सजिएको नेपाली गीत 'शान्ति'को भिडियो सार्वजनिक भएको छ। थुप्रै नेपाली गीतमा स्वर दिएकी सरगमले लामो समयपछि नेपाली गीतमा स्वर दिएकी हुन्।


नेपाली साहित्यमा लोकप्रियता हासिल गरिसकेका साहित्यकार हेम प्रभासको शब्द रचना रहेको गीतमा प्रसिद्ध संगीतकार सन्तोष श्रेष्ठको संगीत रहेको छ। राजु कार्कीले संगीत संयोजन गरेको गीतमा प्रकाश मिश्रले मिक्सिङ तथा मास्टरिङ गरेका हुन्।

विश्व शान्ति दिवसको अवसर पारेर संविधान दिवसका दिन राजधानीको कुञ्ज थिएटरमा एक कार्यक्रमबीच गीतको भिडियो सार्वजनिक गरिएको हो। कार्यक्रममा उपस्थित अतिथिलाई गीतकार तथा निर्देशक हेम प्रभासले शब्दद्वारा स्वागत गरेका थिए। त्यस्तै सम्पूर्ण अथिथिलाई धन्यवाद दिंदै संगीतकार सन्तोष श्रेष्ठले भाषा र भुगोलले कलालाई नबाँध्ने जिकिर गर्दै भने प्रख्यात गायिका साधना सरगमसँग सहकार्य गर्न पाउँदा छुट्टै खुसी मिलेको छ। भाषा र भुगोलको कुनै सीमा हुँदैन जसको प्रतिफल हो – 'शान्ति'।'

कार्यक्रमका विशेष बक्ता संविधानविद् डा. भीमार्जुन आचार्यले गीतमार्फत् आएको यस खालको शान्ति सन्देशले विशेष अर्थ राख्ने बताए। त्यस्तै पहिलो नेपाली महिला छायांकार तथा नेपाल टेलिभिजनकी बोर्ड मेम्बर सबनम मुखियाले निर्माणका दृष्टिले पनि सुन्दर रहेको बताइन्। गीतको भिडियोमा रक्षा श्रेष्ठ, अभेलिना खड्का, दिया गिरी लगायतका कलाकारहरूको अभिनय रहेको भिडियोमा अजय रेग्मीको छायांकन, टेकेन्द्र शाहको दृश्य सम्पादन र हेमप्रभासकै निर्देशन छ।

विश्वभरका मानिसहरूबीच एकताको भावना झल्काउँदै आफ्नो भाषा, कला र मौलिक संस्कृतिको प्रवर्द्धन गर्ने अभिप्रायले यस खालको गीत निर्माण गरेको एडभरटाइजिङ नेपालका प्रबन्धक प्रकाश अर्यालले बताए। एडभरटाइजिङ नेपालको प्रस्तुति रहेको गीतको भिडियोलाई म्युजिक नेपालको अफिसियल युट्युब च्यानलमार्फत बजारमा ल्याएको हो।

C.B. MOUNT FRAMING CENTER PVT.LTD.





Photographer
chyangba lama
9851191354
New Baneshowr, Buddhanagar, Kathmandu 01-4782127, 9841631354

# "राज्यका प्रमुख अङ्गहरू र नागरिकको दृष्टिकोणमा सांस्कृतिक पक्ष र संस्कृतिकर्मी" प्रति प्रतिष्ठानको चासो




**म्यूजिक खबर/काठमाडौं**

नेपाल सङ्गीततथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा संविधानदिवस २०८० को सुखद् अवसरमा 'राज्यका प्रमुख अङ्गहरू र नागरिकको दृष्टिकोणमा सांस्कृतिकपक्ष र संस्कृतिकर्मी' विषयक सम्मिलन कार्यक्रम असोज २ गते राजधानीमा सम्पन्न भएको छ ।

नेपाल सङ्गीततथा नाट्य प्रज्ञा प्रतिष्ठानको कुलपति निशा शर्माको सभापतित्व तथा माननीयसंस्कृति, पर्यटन तथानागरिक उड्डयन मन्त्री सुदन किराँतीको प्रमुख आतिथ्यतामा नेपाल प्रज्ञा प्रतिष्ठानको लेखनाथ प्रवचन कक्षमा कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रमा राज्यका प्रमुखअङ्गहरू न्यायपालिका, कार्यपालिका तथा व्यवस्थापिकाका प्रमुखहरूको धारणा श्रव्यदृश्य सामाग्रीमार्फत प्रस्तुत गरिएको थियो । प्रधानन्यायधिश विश्वम्भर प्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे तथा उपप्रधानमन्त्री पूर्णबहादुर खड्काले संविधान दिवसको अवसरमा शुभकामना दिँदै राष्ट्र निर्माणमा संस्कृति र संस्कृतिकर्मीहरूको भूमिका उल्लेख्य रहेको बताउनुभयो । उक्त अवसरमा श्रव्यदृश्य सामाग्रीमार्फत नेपाल सङ्गीततथा नाट्य प्रज्ञा प्रतिष्ठानको संक्षिप्त परिचय समेत प्रस्तुतगरिएको थियो ।

कार्यक्रमलाई सम्बोधनगर्दै मन्त्री सुदनकिरातीले संस्कृतिजीवनबाच्ने माध्यमभएको बताउँदै संस्कृतिको संरक्षण गर्न पहिला संस्कृतिको जरासम्मपुग्नुपर्ने बताउँनु भयो । विचार संस्कृतिको उपजभएको बताउँदै मन्त्री सुदनकिरातीले नेपालको छवी अन्तराष्ट्रिय मञ्चमा पुऱ्याउन मौलिक किसिमको गीत सङ्गीत तथा कलाको सिर्जनामा लाग्न सर्जक तथा संस्कृतिकर्मीलाई सुझाउनु भयो ।

कार्यक्रममाकुलपतिनिशाशर्माले संस्कृतिजोगाउनु सबैको दायित्वभएको बताउँदै राज्यकाअङ्गहरूले सहयोग गर्नुपर्नेमाजोड दिनु भयो ।

ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपतिनारदमणि हर्तामछलीले कार्यक्रमाबोल्दै संस्कृति र संस्कृतिकर्मीकाविषयमा राखिएको यस किसिमको कार्यक्रमले जनतामाझ संस्कृतिको परिचय समाज निर्माणमा संस्कृतिकर्मीको भूमिकाका र संस्कृतिका नाममा सामाजिक विकृतिलाई उजागर गर्न मद्दत पुग्ने विश्वास व्यक्तगर्नुभयो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपतिभुपाल राईले कार्ल माक्सको भनाई उद्‍दृत गर्र्दै मानिस एक सांस्कृतिक प्राणी भएको बताउँदै संस्कृति श्रमद्वारा सिर्जनागरिएको दोस्रो प्रकृतिहो भन्नु भयो । संस्कृति मानिसलाई बाच्नकालागि निर्देशनगर्ने निर्देशक सिद्धान्त पनि भएको बताउनु भयो । नेपाल सङ्गीततथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भु राईले स्वागत मन्तव्य दिँदै कार्यक्रमको उद्देश्यमाथि प्रकाशपार्दै राज्यले संस्कृति र संस्कृतिकर्मीहरूको संरक्षण र संवर्द्धनमा राज्यले विशेष ध्यानदिनुपर्ने बताउनु भयो ।

कार्यक्रममा 'राज्यकाप्रमुखअङ्गहरू र नागरिकको दृष्टिकोणमा सांस्कृतिकपक्ष र संस्कृतिकर्मी'विषयमा सामाजिक अभियन्तायुग पाठक, वरिष्ठ समालोचकनिनु चापागाईंतथावरिष्ठ साहित्यकार इश्वर चन्द्र ज्ञवालीले आफ्ना भनाई राख्नु भएको थियो । कार्यक्रममाआफ्ना भनाई राख्दै वक्ताहरूले संस्कृति भनेको गीत, सङ्गीत, धर्म मात्र नभएर मानिसको चिन्तन शैली, खानपान, जीवनशैली, आचरण, परम्परा, आस्था लगायत सबैको समिश्रण भएको बताउनु भयो । नेपालको संस्कृतिलाई समायानुकुल बनाई यसको संवर्द्धन, संरक्षण, प्रवर्द्धन र पुस्ता हस्तान्तणका लागि राज्यले राष्ट्रिय संस्कृतिनी तिबनाउनु पर्नेमा जोड दिइएको थियो ।

नेपाल सङ्गीततथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद सदस्यएवं नृत्य विभाग प्रमुख बखतबहादुर हमालले सञ्चालनगर्नु भएको कार्यक्रममा प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव, प्राज्ञ परिषद सदस्यहरू, प्राज्ञ सभा सदस्यहरू, सांस्कृतिक संस्थानका महाप्रबन्धक, पूर्व प्राज्ञ परिषद सदस्यहरू, पूर्व प्राज्ञ सभा सदस्यहरूलगायत सङ्गीत, नृत्य, नाटक, साहित्य क्षेत्रका स्रष्टा सर्जकहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

## मार्मिक दशैं गीत 'गरिबको दशैं'





म्यूजिक खबर । २०८० सालको दशैंलाई लक्षित गरेर दशैं गीत 'गरिबको दशैं' सार्वजनिक भएको छ । गीतलाई गायक प्रकाश पुरीले बजारमा ल्याएका हुन् । यो गीतमा गायक प्रकाश पुरीलाई गायिका सुनिता दुलालले स्वरमा साथ दिएकी छिन् । शुभसाईत म्युजिक युट्युव च्यानलबाट रिलिज भएको गीतमा प्रकाशकै शब्द, रेशम थापाको थेगो तथा संगीत रहेको छ । गीतलाई आके मिलनले संगीत संयोजन, खड्ग बाजुरालीको मिक्सिङ र मास्टरिङ रहेको छ ।

यो गीतमा गरिवहरूको दशैं कस्तो हुन्छ भन्ने व्यथा व्यक्त गरिएको छ । दशैं पर्व गरिबहरूका लागि दशा बन्ने गरेकोले सो पीडालाई यो गीतमा उतारेको गायक प्रकाश पुरीले बताएका छन् । यो दशैं गीतको भिडियो निरेन श्रेष्ठले निर्देशन गरेका हुन् । आर्थिक अभावका कारण दशैंमा एक दम्पत्तिले भोग्नु परेको पीडालाई निरेनले यो गीतको भिडियोमा दर्शाएका छन् ।

विष्णु खड्काले सम्पादन गरेको यो गीतको भिडियोमा राम केसीको छायाँकन, कविता खड्काको श्रृंगार रहेको छ । भिडियोलाई रोयल मुभिज प्रा.लि.ले उत्पादन गरेको हो । यो गीतको भिडियोमा जुना गुरूङ, राजन पुरी, रमेश श्रेष्ठ, राज गिरी, अनुषा गिरी, शर्मिला श्रेष्ठ बलामी र देवकी गिरीको अभिनय रहेको छ ।

## मर्मशपर्शी म्यूजिक भिडियो 'राजै'मा बबिताको एक्सनकट




म्यूजिक खबर । महिला म्युजिक भिडियो निर्देशनमा सफल बबिता श्रेष्ठ निर्देशित पछिल्लो भिडियो 'राजै' सार्वजनिक भएको छ । नेहार बुढाथोकीको शब्द, रेजिना रिमाल र नेहार बुढाथोकीको स्वर समेटिएको 'राजै'का निर्माता राजेन्द्र पुरी हुन् ।

प्रेमील जोडी बीचको विछोडको कथालाई भिडियोमा देखाइएको छ । भिडियोमा सागर लम्साल 'बले', ललना चिमरिया, राजकुमार शाह, आर्यन पुडासैनी, दिपेश श्रेष्ठ आदिको अभिनय रहेको भिडियोको सम्पादन कल्पेश बिश्वक्रर्मा, उत्सव दाहालले खिचेका हुन् ।

**नेपाल माइक्रोबस कम्पनी प्रा.लि.**
हाम्रो सेवाहरु
इलाम, पशुपतिनगर, काँकडभिट्टा, बुधबारे, गौरिगन्ज, विराटनगर, चतरा, चक्रवर्ती, राजविराज, जनकपुर, बेल्टार सम्म जानको लागि जम्बो A/C र हायसको टिकट पाइन्छ ।
कोटेश्वर सम्पर्क: ०१५१००८८०
९८५१००३३७०, ९८१३६३९३२३, ९८४१८५१९०४

**नेपाल माइक्रो कम्पनी प्रा.लि.**
**टिकट काउन्टर**
नयाँ बसपार्क, पूजाकोठी (पेट्रोलपम्प नजिक)
सम्पर्क: ४३८७१६३, ९८४१३१०३१५

काठमाडौंबाट बर्दिबास, धरान, इटहरी, विराटनगर, पोखरा, वेशीशहर, नुवाकोट, विराटनगरदेखि काँकडभिट्टासम्मको माइक्रोबसको टिकट बुकिङ गरिन्छ ।

**एकै छानामुनी**
-अडियो/भिडियो
-कभर डिजाइन एण्ड प्रिन्टिङ
-डविङ एण्ड प्याकिङ
-मिडिया प्रमोशन
-विमोचन कार्यक्रम
-मायाको चिनो तथा अवार्ड ट्रफी
**सानिध्य ट्रफी ग्यालरी**
रेडन, सामाखुशी काठमाडौं । ९८२३८४९७११

संवाददाताः
अर्जुन पोखरेल/चिरञ्जीवी भण्डारी
फोटोग्राफरः
च्याङ्बा लामा/नवीन गुरुङ/बद्री थापा

**सम्पादकीय**

# म्यूजिक खबरको ८ औं वर्ष !

नेपाली संगीत बजारमा म्यूजिक खबरको निरन्तर यात्राले ७ औं वर्ष पार गरेर ८ औं वर्ष प्रवेश गरेको छ । समय बदलिएको छ, बजार बदलिएको छ, गीतसंगीतको क्षेत्रदेखि मिडियाको सबै क्षेत्रमा डिजिटल प्रविधिले फड्को मारेको छ । तर महत्व अझै पनि छापा माध्यमकै देखिएको छ । विश्वव्यापीकरणसँगै डिजिटल प्रविधि र छापा माध्यम सँगसँगै जानु जरूरी देखिन्छ । जसलाई मध्यनजर गर्दै म्यूजिक खबर डटकमले १२ औं वर्ष पार गरिसकेको छ भने सँगसँगै छापा माध्यमले पनि ७ औं वर्ष पार गरी ८ औं वर्षमा प्रवेश गरेको छ । यो नेपाली संगीत क्षेत्रको लागि एउटा महत्वपूर्ण सफलता हो ।

म्यूजिक खबर पत्रिकाले स्थापनाकालदेखि निरन्तर संगीत, चलचित्र, साहित्य, ललितकला, फेसन, इभेन्ट लगायतका मनोरञ्जनसँग जोडिएका विषयलाई मध्यनजर गर्दै यसको विकास र विस्तारसँग सहकार्य गरेको छ । नेपालको संगीत क्षेत्रको पहिलो पाक्षिक पत्रिकाले बजारको अवस्था अनुसार निरन्तर यात्रा गर्नु यतिबेला कठिनाइको विषय हो । बजारले डिजिटल प्रविधिसँग सहकार्य गरिरहेको छ भने हामी छापा माध्यमले सहकार्य गर्ने कुनै पनि प्लेटफर्म पाइरहेका हुँदैनौं । छापा माध्यमलाई विज्ञापन प्राप्त हुने ठाउँहरू नभएको कारण धेरै पत्रिकाहरू बन्द भइसकेको अवस्था छ । त्यसमाथि पनि हामीले मनोरञ्जनको विषयलाई लिएर प्रकाशन गर्नु आफैंमा चुनौतिपूर्ण देखिन्छ । यो क्षेत्रबाट कुनै पनि विज्ञापन नआउने वातावरण हुनु र अर्को क्षेत्रले मनोरञ्जनको क्षेत्र भनेर धेयको दृष्टिले हेर्नु आफैंमा चुनौतिको विषय हो । आर्थिक रूपमा ग्रस्त रहेर पनि पत्रिकाको इतिहासलाई निरन्तरता दिनु महत्वपूर्ण देखिन्छ ।

पछिल्लो समयको संगीत बजार आफैंमा धरासयी छ । केही कलाकारहरूले मात्र राम्रो आम्दानीको रूपमा कलाकारितालाई लिएका छन् तर धेरै कलाकारहरू यो क्षेत्रबाट पलायनको स्थितिसमेत आइपरेको छ । धेरै कलाकारहरू विदेश मोहमा पुगिसकेको अवस्था छ भने केही कलाकार न कलाकारिता, न स्वदेश बस्न सक्ने अवस्था छ त्यसो हुँदा उनीहरूमा वितृष्णा पैदा भएको स्थिति पनि छ । समयसँग बदलिएको संगीत क्षेत्र एकातिर महंगो बनेको छ भने अर्कोतिर डिजिटल प्रविधिसँगै गीतसंगीतको क्षेत्रले विश्व बजारमा चलायमान बनाएको छ । यही बजारभित्र म्यूजिक खबरले पनि आफ्नो अस्तित्व कायम गर्नुपर्ने अवस्था छ । म्यूजिक खबर कलाकारको आवाज बुलन्द पार्दै कलाकारको सिर्जनाको हक अधिकारलाई स्थापित गर्न पनि सक्रिय छ । सिर्जनाको आर्थिक, बौद्धिक, नैतिक अधिकारको पक्षमा विभिन्न संघसंस्था र निकायसँग पनि सहकार्य गर्दै आएको छ । बजारको अवस्था अनुसार म्यूजिक खबर यहाँसम्म आउनु आफैंमा गर्वको विषय पनि हो ।

म्यूजिक खबरले छापा पत्रकारितामा आफ्नो फरकपनको इतिहास स्थापित गर्ने क्रममा ७ औं वर्ष पूरा गरी ८ औं वर्ष प्रवेश गरेको छ । यो अवसरमा यस पत्रिकासँग सहकार्य गर्ने पाठकवर्ग, ग्राहकवर्ग, विज्ञापनदाता, बितरक, मुद्रक लगायत सम्पूर्ण कलाकारिता र कलाक्षेत्रलाई माया गर्ने व्यवसायीहरूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छौं । यहाँहरूको साथ र सहयोगले अब ८ औं वर्ष मात्र होइन आगामी दिनहरू सदैव सहजपूर्ण बन्नेछ भन्ने आशा लिएका छौं । ७ औं वार्षिकोत्सवको अवसरमा सबैलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं ।

# गायिका दिलमाया खातीलाई सम्झँदा...




**म्यूजिक खबर/काठमाडौं**

बिछोडको पीडा नसकी खप्न दशैंको बेलामा,
तिमीलाई भेट्न आउँदैछु फर्की रमाइलो गाउँमा

स्वर सम्राट नारायण गोपाल र बरिष्ठ गायिका दिलमाया खातीको स्वरले सु-सज्जित भएको कालजयी गीत हो यो । यस गीतका गायक नारायण गोपाललाई हामीले गुमाएको त धेरै वर्ष भइसक्यो । २०८० साल असोज १५ गते रातीदेखि गायिका दिलमाया खातीलाई समेत हामीले गुमाउनु पर्यो । नेपाली गीतसङ्गीतको स्वर्ण काल मानिएको साठीको दशकको एक उज्ज्वल नक्षत्र गायिका खातीको ८४ वर्षको उमेरमा निधन भएको हो । उहाँ लामो समयदेखि दमको रोगबाट पीडित हुनुहुन्थ्यो । उहाँको निधनले नेपाली सांगीतिक क्षेत्रमा अपुरणीय क्षती तुल्याएको छ । उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उनै सुप्रसिद्ध गायिका दिलमाया खातीको बाल्यकाल, संघर्षदेखि सफलता र निधनसम्मको प्रसंगलाई सम्झौं ।

## बाल्यकाल, सांगीतिक यात्रा

दार्जिलिङको घूम पहाडमा सन् १९३९ को अक्टोबर ६ अर्थात् विसं १९९६ को श्रावण २३ गते उहाँको जन्म भएको हो । माता अतिरूपा खाती र पिता नन्दलाल खातीका तीन सन्तानमध्ये सबैभन्दा कान्छी सन्तान हुनुहुन्छ । दिलमाया खातीले पाँच वर्षको उमेरदेखि गाउन सुरू गर्नुभएको हो । उहाँले सुरूसुरूमा हिन्दी गीतै गाउनुहुन्थ्यो । ५ वर्षको उमेरदेखी नै गीत गुनगुनाउने बानी थियो । १० वर्षको उमेरमा त दार्जिलिङका मन्चमै उक्लिएर गीत गाउन थालिसक्नु भएको थियो ।

विसं २०१९ (सन् १९६२) मा घुम्नको लागि नेपाल आउनुभयो । त्यतिबेलासम्म दार्जिलिङमा मात्र होइन नेपालसम्मै उहाँको गायनको हल्ला पुगिसकेको थियो । घुम्न आएकै बेला गीत उहाँले नचिनेका ३ व्यक्तित्वले गीत गाएर सुनाउन अफर गर्नुभयो । गीत सुनेपछि रेडियो नेपाल लिएर जानु भयो । दिलमायालाई त्यतिबेला बल्ल थाहा भयो उहाँहरू ३ जना त रेडियो नेपालका नातिकाजी, शिव शंकर र तारादेवी पो हुनु हुँदो रहेछ । त्यसपछि गायिका दिलमाया नेपालमा धेरै दिन बस्नुभयो । वि. सं २०१९ मै रेडियो नेपालमा राष्ट्रिय सङ्गीत प्रतियोगितामा प्रथम भई स्वर्ण पदक जित्नुभयो । नेपालमा शिव शंकरको सङ्गीतमा उहाँले पहिलो नेपाली गीत 'हिमालको काखमा छ सानो मेरो गाउँ' गाउनुभयो । 'हिमालको काखमा' गीतले तत्कालिन समयमा दिलमाया खातीलाई नै नै ख्याति दियो । उहाँको परिचय अझ व्यापक बन्यो । तर पछि यो गीत रातादेवीको स्वरमा रेकर्ड भएर आयो ।

त्यसपछि उहाँले पन्नाकाजीसित 'मनमा तिम्रो प्रित होस्' बोलको एक युगल गीत गाउनु भयो, जसमा माधव प्रसाद खनालको शब्द अनि शिव शंकरको सङ्गीत रहेको थियो । उहाँलाई चिनाउने पहिलो गीत 'सावन फर्की फेरि झर्यो माया लगाई निष्ठुरी फर्केन, चुडाई लग्यो यो मन मेरो जोडी दिने त्यो पापी आएन' हो । गोपाल योञ्जनको शब्द र कर्म योञ्जनको सङ्गीतमा रहेको यो गीतले रेडियो नेपालको प्रतियोगिताम यो गीतले तीनै विधामा पुरस्कार प्राप्त गर्यो । यो गीत आज पनि उतिकै लोकप्रिय रहेको छ ।

त्यतिबेला, अरूणा लामा र दिलमाया खातीलाई प्रतिस्पर्धी गायिकाको रूपमा समेत लिनु गर्नुहुन्थ्यो । तत्कालिन समयमा अरूणा लामा र दिलमाया खातीलाई प्रतिस्पर्धी गायिकाको रूपमा चिनिन्थियो । सांगीतिक प्रतियोगितामा कहिले दिलमाया खाती प्रथम हुन्थिन् भने कहिले अरूणा लामा ।

त्यसपछि उहाँलाई नेपालमा नै बस्ने आग्रह हुन थाल्यो । धेरै रचनाकारहरूबाट आ-आफ्नो गीत गाइदिनेका लागि अनुरोध भयो । तर उहाँ भने आमा बिरामी छ भन्ने बहना गरेर पनि घर फिर्नुभयो । कान्छी छोरी भएकीले होला उहाँलाई परिवारले नेपालमा बस्ने अनुमति दिनुभएन । अनि उहाँ आफैलाई पनि किन हो घरकै मायाले तान्यो । दार्जिलिङ फर्किनु भयो र उतै शिक्षण पेशा गरि बस्न थाल्नु भयो । धेरै लामो समय शिक्षण पेशामा आबद्ध उहाँ अविवाहित हुनुहुन्थ्यो ।

अविवाहित नै रहेकी दिलमायाको सुमधुर स्वर सुनेर राजकपुर समेत प्रभावित भएका थिए । उनलाई गायनका लागि बम्बै आउनका लागि पनि प्रस्ताव गरिएको थियो । तर उहाँले त्यो प्रस्तावलाई स्वीकार गर्नु भएन । उहाँले थुप्रै वरिष्ठ गायक गायिका एवं संगीतकारसँग काम गर्नु भएको छ । संगीतकार एवं गायक गोपाल योञ्जन, कर्म योञ्जन, पन्नाकाजी, नारायण गोपाल, मिरा राणा, तारादेवीसँग उहाँले गीत गाउनु भएको छ । तारादेवीसित गाउनु भएको एउटा गीत हो 'रातमा निँद मलाई लाग्दैन' । नेपाली गीत-सङ्गीतको स्वर्ण काल मानिएको साठीको दशकको एक उज्ज्वल नक्षत्र हुनुहुन्छ उहाँ ।

यस्तै, युवा पुस्तामा गायक शैलेश सिंहसँग पनि उहाँले सहकार्य गर्नु भएको छ ।

## नारायण गोपालसित युगल स्वरमा दुई गीतहरू

गायिका दिलमा खातिले स्वर सम्राट नारायण गोपालसित दुई गीतहरू गाउनु भएको छ । त्यस बेला चर्चाको शिखरमा पुगेका नारायण गोपालले दिलमायासित युगल स्वरमा गीत गाउन इच्छुक रहेको बताएपछि सन् १९७२ मा दुवैजना कलकत्ता गएर दुईवटा गीत रेकर्ड गर्नुभयो । यी दुई गीतमध्ये एक थियो- बिछोडको पीडा नसकी खप्न दशैंको बेलामा' जसमा सङ्गीत नारायणगोपालकै रहेको थियो भने शब्द रत्नशमशेर थापाको रहेको थियो । नारायणगोपाल र दिलमायाको स्वरमा रहेको र रेकर्ड भएको अर्को गीत हो - 'तिमी देख्दा रहर होला लागेर आउँछ' यो गीतमा शब्द तथा सङ्गीत गोपाल योञ्जनको रहेको छ । यी दुवै गीतहरू आफ्नो-आफ्नो ठाउँमा एउटा नौलो प्रयोग समेटिएका गीतहरू थिए, जसलाई मानिसहरूले औधी नै रूचाए । 'बिछोडको पीडा' प्रायः सबै उमेर समूहका मानिसहरूले मन पराउने गीतको रूपमा कालजयी बनेर रहेको छ ।

केही गीत कृष्ण खातीसित पनि गाउनु भयो । पछिबाट कमल दर्नालको सङ्गीतमा पनि गाउनु भयो।

## छोटो सांगीतिक यात्रा, २०५६ मा पुनरागमन

दिलमाया खातीले वि. सं. २०१८ सालदेखि २०३० सालसम्म जम्मा १२ वर्ष मात्र गीत गाउनुभयो । २५ वर्षसम्म ओझेलमा रहनुभयो । उहाँका गीतहरू प्रचुर सत्यामा छैनन् । थोरै छन् तर प्रायः सबै अजर अमर छन् । त्यसपछि निकै लामो समयसम्म ओझेलमा नै बसेपछि दिलमाया खाती विक्रम संवत २०५६ सालदेखि पुनः गीतियात्रामा सरिक हुनुभयो । लामो समय दार्जिलिङमै रमाएकी र सांगीतिक धरातलमा हराएकी उहाँको संगीतमा पुनरागमन भयो । नरेन□राज प्रसाईंले काठमाडौं ल्याई रत्नबहादुर खड्कीको सङ्गीतमा छल गयौ हेर्दा हेर्दै मलाई एक्लो पार्यौ, रमाएर बाँच्दै थिएँ रूँदै हिँड्ने पार्यौ गीत गाउन दिनुभयो । त्यसपछि उहाँले बुलु मुकारूङ, आलोकश्री लगायतको सङ्गीतमा पनि केही गीत गाउनुभयो । 'शिखा' गीतिक्यासेट मार्फत उहाँ आफ्नो स्वर र भाकाले नेपाली साङ्गीतिक धरातलमा छाउनु भयो । यसरी २५ वर्षसम्म गीतका शब्द र सङ्गीतलाई पोल्टामा राखेर ओझेलमा बस्नुभएकी दिलमायालाई एक्कै चोटि काठमाडौंको एउटा विशाल सांस्कृतिक कार्यक्रमको प्रत्यक्ष प्रसारणमा देख्दा सबै खुशी भएका थिए ।

## प्राप्त पुरस्कारहरू र सम्मानहरू

गायिका खातिले थुप्रै सम्मान तथा पुरस्कार पाउनु भएको छ । ति मध्ये - देवकोटा सम्मान, शिखा सुर सम्मान, लहनी नेपाल सम्मान, गुञ्जन सम्मान र भुपाल सङ्गीत पुरस्कार, नारायणगोपाल सङ्गीत कोषद्वारा नारायण गोपाल स्मृति सम्मान र सन् २०१९ मा गो।दु।नि।स। दार्जिलिङ्द्वारा विशिष्ट सङ्गीत सम्मान, सप्तरङ्गी अजम्बरी सम्मान आदी । गायिका खातीलाई गत भदौको अन्तिम साता संगीत साधक स्व.गोपाल योञ्जनको ८० औं स्मृति दिवसको अवसरमा सम्मान गरिएको थियो । गोपाल योञ्जन प्रतिष्ठानद्वारा भारतको दार्जिलिङस्थित मिरिकमा आयोजित कार्यक्रममा ८५ वर्षीया खातीलाई एक लाख ६० हजार रूपैयाँसहित गोपाल योञ्जन स्मृति स्रष्टा सम्मान प्रदान गरिएको थियो ।

## निधन

यसरी प्रवासमा रहेर पनि नेपाली गीतसङ्गीतमा ठूलो योगदान पुर्‍याउनु भएकी बरिष्ठ खातीलाई २०८० साल असोज १५ गते रातीदेखि हामीले सदाका लागि गुमाउनु पर्यो । नेपाली साङ्गीतिक आकाशकी चम्किलो तारा वरिष्ठ गायिका दिलमाया खातीको असामयिक निधनले नेपाली साङ्गीतिक जगतलाई मर्माहत तुल्याएको छ । उहाँको निधनले नेपाली साङ्गीतिक क्षेत्रले अपूरणीय क्षति बेहोर्नु परेको छ । नेपाली साङ्गीतिकको क्षेत्रमा उहाँबाट पुग्न गएको योगदान सधैं स्वर्ण अक्षरले लेखिने छ । उहाँको आत्माको चीरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना ।

# अब्बल सिर्जनाका धनी गायक रोशन सिंह



**म्यूजिक खबर/काठमाडौं**

नेपालको रुकुम पश्चिम विकासको क्रमले अलि पछि परेको भए पनि सिर्जनाको मूल भने धेरै भेटिने गर्छन् । तीमध्येका एउटा सिर्जनाको हिरा हुन् रोशन सिंह । उनी पछिल्लो समयका लोकप्रिय गायक बनेका छन् । उनले संगीतको यात्रा गर्न थालेको करिब एक दशक हुँदैछ तर उनका सिर्जनाले उनलाई लोकप्रियताको शिखरमै पुऱ्याएको छ । शब्द, संगीत सिर्जना र गायनको पाटोबाट सबैको मनमस्तिष्कमा अमिट छाप छोड्न सफल भएका छन् । 'ओइ ज्योति ओइ ज्योति' बोलको गीतबाट २०७३ सालदेखि औपचारिक रूपमा सांगीतिक यात्रा सुरु गरेका थिए । त्यसपछि 'तरकारीवाली' गीतलाई लिएर आए । यी दुवै गीत एकातिर व्यङ्ग्यात्मक रूपमा देखिए पनि दोहोरीमा आधुनिकता सहित फरकपन पस्किन सफल भए रोशन ।

वि.सं. २०७२ मा रुकुमबाट वैदेशिक रोजगारीमा जान काठमाडौं आएका सिंहको मन संगीतको क्षेत्रमा मोडिएको थियो । विदेश जानुअघि उनी एक गीत रेकर्ड गराउन चाहन्थे । त्यसैले वैदेशिक रोजगारीमा जाने निधोसहित भिषासमेत प्राप्त गरिसकेका थिए । भिषा अवधि सकिनु अघिसम्म आफ्नो गीत गाइदिन धेरै गायकहरूको दैलोमा पुगे पनि । तर, कसैले आफ्नो गीत नगाएपछि निराश बने । अन्ततः आफैं गायक बनेर गीत रेकर्ड गरेको उनी सुनाउँछन् ।

'म संगीत सिकेर आएको मान्छे थिइनँ । मेरो रहर एउटा गीत रेकर्ड गर्नु थियो । तर कसैले गाउन मानेनन् । मलाई इगोहर्ट भयो । आफैं गायक बन्नुको बिकल्प पनि थिएन । अनि आफै गायक बनेँ', उनले पुराना दिन सुनाए । त्यो गीत रेकर्डपछि उनमा संगीतको चाहना आफसेआफ बड्यो । त्यसपछि सबैकुरा भुलेर लगातार सिर्जनातर्फ मोडिए । ' ओइ ज्योति' र 'तरकारीवाली' भन्ने गीतहरू निकाले । ती गीतहरूले चर्चा त पाए नै तर उनलाई गालीको वर्षा नै वर्षियो । अरूभन्दा फरक बन्ने प्रयास गर्दा धेरै गाली मिले पनि उनी आफ्ना सिर्जनाहरूप्रति सम्मान प्रकट गर्छन् । त्यसपछि यो क्षेत्र आफ्ना लागि बनेको होइन जस्तो लागेर दुई वर्ष विश्राम लिए । गीतको भोक छँदै थियो । त्यो बेला जागिरको खोजीमा धेरै दोहोरी साँझसम्म पुगे कतै काम पाएनन् र निराश भएर बसे । झण्डै डिप्रेसनको शिकार बनेका उनले आफ्नो मन आफैंले बुझाए । मनलाई धेरै बलियो बनाए, अनि वैदेशिक रोजगार त्यागे तर संगीतलाई त्याग्न सकेनन् र पुनः फर्किए संगीतको यात्रामा ।

'म त संगीतको सामान्य विद्यार्थी हुँ । कुनै बेला इगोको कारण गीत गाएँ । सधैँ त्यही इगो साधेर पनि त भएन नि', मनमनै यस्तै कुराहरू सम्फिँदै गायन, शब्द तथा संगीत सिर्जनामा होमिएँ – उनले भने । उनले सिर्जना गरेका धेरै गीतले दर्शक/श्रोताको मनमा डेरा जमाएका छन् । 'सर्जकलाई गाली र ताली स्वभाविक रहेछ जस्तो लाग्न थालेको छ, उनी भन्छन्- 'मैले विगतमा खाएको गालीले नै मलाई पाठ सिकाएको हो र आज ताली पाएको छु । जो गल्ती गर्छ उसले सिक्नका लागि धेरै कुरा प्राप्त गर्छ । गल्ती पनि एउटा पाठ नै रहेछ ।'

पछिल्लो समय उनले निकालेका धेरै गीतहरू दर्शकको रोजाइमा छन् । भूपू माया- १ देखि ५ सिरिजसम्म आइपुग्दा सबै चर्चाको शिखरमा छन् । त्यस्तै पिपल छेउमा वर, किन मरिनँ म, सिन्दुर, कस्तो थिएँ कस्तो भएँ, रून् पर्लानी, धोका खाएर बिग्रेको, ए भरी लगायत करिब ५ दर्जन गीत चर्चामा छन् । तर, उनी आफ्नो सिर्जनामा आफू भन्दा अरू गायक गायिकालाई गाउन दिँदा आत्मसन्तुष्टि मिल्ने बताउँछन् । गीतसंगीत क्षेत्रले आफूलाई बाँच्न सिकाएको उनले हामीलाई सुनाए । 'संगीत क्षेत्रलाई मैले के दिएँ भन्ने कुरा म भन्न सक्दिनँ । तर, संगीत क्षेत्रले मलाई पहिचान दिएको छ', गायक सिंह संगीत क्षेत्रप्रति कृतज्ञता प्रकट गर्छन् ।

आँशु दिने मान्छेलाई बिन्ती छ
मेरा लागि त्यही आँशु किम्ती छ
ए भरी !
मुटुभित्र बसेको मान्छेलाई बिर्सुँ कसरी ?

सिंहले यो गीत २०७७ को साउनको भरीमा लेखेका हुन् । त्यसबेला उनी काठमाडौंको सामाखुशी क्षेत्रमा बस्थे । उनले गीत निर्माणको त्यसबेलाको समय सम्फिन्छन् । 'गीतको स्थायी बनेपछि त्यो साँझ म रूद्दै म्हेपी मन्दिर पुगेँ बिहान ३ बजेसम्म मैले गीतलाई कुन कुन विषय जोड्ने भन्ने निर्क्यौल गरेँ । त्यही मन्दिरमा पहिलो अन्तरा बनाएँ ।'

गायक रोशन सिंहका गीतहरू सुनेपछि लाग्छ यी प्रेममा पागल भएका मान्छे हुन् । पीडाको अन्तर हृदयदेखि पस्किएका सिर्जनाहरूले उनलाई पागलप्रेमीको संज्ञा दिइरहेको आभास हुन्छ । उनका हरेक गीतमा फरकपन भेटिए पनि शब्द सिर्जनाले पटक पटक मायाप्रेमभित्रको गहिराई भेटाइदिन्छ । त्यहाँभित्र मिलन बिछोडको संगम छ । मायाको सागरभित्र पौडिएको यात्रीको मनलाई राम्रोसँग बुझाउन पनि सक्छ । उनका हरेक गीतबाट यो प्रष्ट हुन्छ कि मायाप्रेमको गहिराइमा डुबेर उत्रिँदै गरेको एउटा प्रेमीमध्ये रोशन सिंह पनि एक हुन् । शब्द सिर्जना होस् या संगीत सिर्जना उनको अब्बल पक्ष हो । उनको गायकी पनि उत्तिकै मजबुत देखिन्छ र उनले अरूलाई गाउन दिएका गीतहरू पनि उत्तिकै अब्बल बनेका छन् । उनका हरेक गीत मिलियन भ्यूज पाएका गीतको लिस्टमा पर्दछन् ।

उनले सिर्जनामा लागेपछि केही अवार्ड, केही सम्मानहरू पनि हात पार्न सफल भएका छन् । आफ्नो सिर्जनाले पाएको अवार्ड र सम्मानले सिर्जनाको बाटोमा प्रोत्साहन मिलेको बताउँछन् । ए भरी गीतबाट ए.एम.एस. नेशनल अनर अवार्ड प्राप्त गरेका छन् । त्यस्तै नेशनल ब्राण्ड म्यूजिक अवार्ड, एपिक नेपाल म्यूजिक अवार्ड लगायतका अवार्ड पाइसकेका छन् । दोस्रो तीज म्यूजिक अवार्डमा निर्णायकको भूमिका निर्वाह गरेका रोशन सिंह पछिल्लो समय व्यस्त पनि छन् । मेला महोत्सवमा उनको डिमाण्ड उत्तिकै छ । हिजो उनलाई दोहोरी साँझहरूमा काम दिन नाक खुम्च्याउनेहरू आज उनकै गीत ती साँझहरूमा गाइन्छन् । आफूलाई ठूलो मानेर गीत नगाइदिने वा गीत सिर्जनामा विश्वास नगर्नेहरू नै आज उनकै पछि छन् । सिर्जनाले नै उनीहरूलाई आफूसमक्ष ल्याउन सफल भएका हुन् । उनीसँग यतिबेला अभै १० वर्षलाई पुग्ने स्टक गीतहरू सिर्जना गरेर बसेका छन् । उनी भन्छन् ' वर्षको २-४ वटा गीत बजारमा ल्याउँदा पनि अभै १० वर्षलाई पुग्ने सिर्जना स्टक गरेको छु' । आफूलाई हरेक ठाउँमा फरक तरिकाले प्रस्तुत गर्नुपर्छ भन्ने मान्यताका उनी संगीत यात्रामा निरन्तर अघि बढेका छन् ।






# पिरतीको गीत गाउँदै आए एडभेन्चर स्टार एवं गौतम खाती र शिल्पा पोखरेल



**म्यूजिक खबर/काठमाडौं**

विश्व कीर्तिमानी एडभेन्चर स्टारको रूपमा परिचित नाम हो गौतम खाती । उनले कराँते खेलको ब्ल्याक बेल्ट ड्रेस लगाएर उडिरहेको हेलिकप्टरवाट स्काइ ड्राइभ गरेर वि.सं.२०७५ सालमा गिनिज बुक अफ वर्ल्ड रेकर्डमा आफ्नो नाम लेखाउज सफल भए । उनले जसरी खेल जगतमा सफलता प्राप्त गरे उसै गरि कला क्षेत्रमा पनि सक्रिय रहेका छन् । एक पछि अर्को गुणस्तरिय भिडियोमा आफ्नो कला कौशलता देखाइरहेका छन् । उनले तीन नदर्जन भन्दा बढि म्युजिक भिडियो र छोटो फिल्ममा अभिनय गरिसकेका छन् । एक पछि अर्को म्युजिक भिडियोमा अभिनय गर्दै मोडलिङमा जमिरहेका छन् ।

यहि क्रममा खाति अभिनित अर्को म्युजिक भिडियो सार्वजनिक भएको छ 'पिरतीको गीत' । उनले भिडियोमा चर्चित नायिका शिल्पा पोखरेलसँग पिरतीको गीत गाएका छन् । भिडियोमा एडभेन्चर स्टार एवं मोडल खाती र अभिनेत्री पोखरेलको रोमान्सलाई देखाइएको छ । भिडियो सार्वजनिक भएसँगै सांगीतिक क्षेत्रमा यो भिडियोले चर्चा पाउन थालेको छ ।

प्रेमील भावको गीतमाको भिडियोलाई सुब्रतराज आर्चायले निर्देशन गरेको हुन् । त्यस्तै उत्सव दाहालको छायांकन रहेको उक्त भिडियोलाई विष्णु खड्काले सम्पादन तथा कलरिङ गरेका हुन् । प्रोडक्शन म्यानेजर दिपेन गौतम (माईकल) को रहेको छ ।

गीतमा गायिका अस्मिता अधिकारी र बिर कुमार दत्तको स्वर रहेको छ । अभिनाष थापाको शब्द र भिम बिसीको संगीत छ भने विश्व अधिकारीले संगीत संयोजन गरेका छन् । मिक्सिङ तथा मास्टरिङ भने कुमार रानाले गरेका हुन् । निरा खाती ईन्टरटेनमेन्टले तयार पारेको भिडियोलाई ओ.एस.आर. डिजिटल युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ ।




# गीतकार तारा अधिकारीको लेखनमा "संयोग"

**म्यूजिक खबर/काठमाडौं**

गीतकार तथा निर्देशक तारा अधिकारीको अर्को गीत 'संयोग भन्दै पिरतीलाई...' को भिडियो सार्वजनिक भएको छ ।

सत्यराज आचार्यको स्वर, किरण कँडेलको संगीत तथा संगीत संयोजन रहेको गीतको भिडियोको निर्देशन पनि गीतकार अधिकारीले नै गरेकी छन् । भिडियोको छाँयांकन शिव ढकाल, सम्पादन नहकुल खड्काले गरेका छन् ।

सुनौला तारा मोसन पिक्चर्स युट्युब च्यानलमा अपलोड गरिएको भिडियोमा सत्यराज आचार्यलाई फिचरिङ गरिएको छ । उनलाई लाइभ म्युजिकका साथमा गीत प्रस्तुत गरि राखेको देख्न सकिन्छ ।

गीतकार अधिकारीले यो गीतलाई केही समय अघि नै तयार गरेकी थिइन् । 'समय नमिलेका कारण दर्शकश्रोतामाझ ल्याउन सकेकी थिइनँ । अहिले बल्ल आएर सार्वजनिक गरेको छु । आशा छ सबैले मन पराउनुहुनेछ'– गीतकार तथा निर्देशक अधिकारीले बताईन् ।

गीतकार अधिकारीले निर्देशन गरेको यो चौंथो भिडियो हो । उनी गीत लेखनका साथमा निर्देशनमा पनि अब्बल हुने तयारीमा छिन् ।

# डब्बु, दिपक र प्रेमराजाको 'भन्देउन धरतीमाई'

**म्यूजिक खबर/काठमाडौं**

सिमसिमे पानीमा, पानको पात, हिउँचुलीमा हिउँ जस्ता थुप्रै कालजायी गीतहरू बजारमा ल्याएका अग्रज गायक प्रेमराजा महलतले यतिबेला अर्को नयाँ लोक गीत 'भन्देउन धरतीमाई" बजारमा ल्याएका छन् । उनले यो गीतको भिडियोलाई आफ्नै अफिसियली युट्युव च्यानल 'प्रेम राजा महत'बाट सार्वजनिक गरेका छन् ।

यो गीतलाई गीतकार डब्बु क्षत्रीले लेखेका हुन् । गीतमा दीपक शर्माको संगीत छ । सविन सुवेदीले यो गीतलाई संगीत संयोजन गरेका हुन् । वेभ स्टुडियो अनामनगरमा रेकर्ड गरिएको यो गीतमा नरेन्द्र योगीको मिक्सिङ मास्टरिङ रहेको छ । यो गीतलाई समिर कार्कीले रेकर्डिङ गरेका हुन् ।

भन्देउन धरतीमाई गीत'को भिडियो निर्माता कविता देवी महत हुन् । लोक लयमा आधारित यो गीतले जो कोहीलाई पनि आफ्नो मिठो बाल्यकालको सम्झनामा पुर्याउने संगीतकार दीपक शर्माले बताएका छन् ।

गायक प्रेम राजा महतले पनि यो गीतको शब्द र सँगीतले नै आफुलाई छोएकोरे गीत गाउँदा आफु गाउँमै पुगेको महसुस भएको छ भने,'म त लामो समयदेखि अमेरिका बसेको मान्छे । परदेशमा बस्ने जो कोहीलाई पनि यो गीत सुनेपछि गाउँ र बाल्यकालको झलझली याद आउँछ ।'

यस्तै गीतकार डब्बु क्षत्रीले आफु गाउँबाट टाढा शहर तथा प्रदेशमा रहँदा बाल्यकालमा गाउँ घर र आफन्तको सम्झनाले कसरी सताउँछ भन्ने कुरा यो गीतमा उल्लेख गरिएको बताएका छन्,' गाउँमा बस्दा त्यो सुन्दर बाल्यकालको सम्झना र भोगाईलाई गीतमा प्रस्तुत गरिएको छ । यो गीत सबैको जीवनमा मेल खाने प्रकारको रहेको छ ।' गीतकार क्षत्रीले भने ।




गीतको भिडियो स्टुडियोमा लाईभ छायाँकन गरेर तयार पारिएको छ । गीतको भिडियोमा गायक प्रेमराजा महत नै मुख्य भूमिकामा प्रस्तुत भएका छन् । यो भिडियोमा मिराज अर्याल र दिनेश बिस्टको सिनेमाटोग्राफी रहेको छ । जसमा मिराज अर्यालको सम्पादन तथा भिएफएक्स रहेको छ ।

# "म्हेन्दोमाया साम्राज्ञी" रमलाको संगीत र समाजसेवा सँगसँगै

**म्यूजिक खबर/काठमाडौं**

लामो समयदेखि सांगीतिक क्षेत्रमा अनवरत रूपमा लागेकी गायिका हुन् रमला पाख्रिन तामाङ । विशेषतः म्हेन्दोमाया गायनमा उनको ठूलो योगदान रहेको छ । 'म्हेन्दोमाया साम्राज्ञी'को रूपमा उनको नामलाई सम्बोधन गर्ने गरिन्छ ।



उनै रमलाले संगीतमा मात्र होइन समाजसेवामा समेत समर्पित हुने गरेकी छिन् । यहि क्रममा 'धुन' बोलको गीत सार्वजनिक गर्ने बहानामा उनले एकसाथ मानविय सेवा पनि गरेकी छिन् । गीत सार्वजनिक कै अवसरमा तारकेश्वर – १०, मनमैजु, काठमाडौं स्थित एकिकृत समृद्धि नेपाललाई रमलाले बिभिन्न खाद्यान्न सहयोग गरेकी हुन् ।



एकिकृत समृद्धि नेपालमा रूकुम र जुम्लामा जनआन्दोलनमा ज्यान गुमाएका ब्यक्तिका छोरा छोरीहरू हालः ३ दर्जन भन्दा बढी बस्ने र पढ्ने गर्छन् । 'तिनीहरूलाई केही मात्र भएपनि भोक भेटाउन सकुँ भनेर यो सहयोग गरेकी हुँ' रमलाले बताइन् । उनले बिगतमा पनि संगीतसँगै समाजसेवामा आफूलाई अग्रसर गराउँदै आएकी छिन् । सार्वजनिक यस गीतमा रमलालाई गायनमा कमल खत्रीले साथ दिएका छन् । गीतमा शब्द, संगीत समेत कमल खत्रीको नै रहेको छ । स गीतको भिडियोलाई राजेश पुमा राईले निर्देशन गरेका छन् भने उत्सव दाहालको छायांकन, विकाश दाहालको सम्पादन रहेको छ । उक्त गीतको भिडियोमा मिरूना मगर र गणेशमान घलेको जोडदार अभिनय रहेको छ । यस गीतलाई रमला पाखीन तामाङ कै युटुब च्यानलबाट सार्वजनिक गरिएको हो ।

गीतसंगीतमै अढाइ दशक बिताइसकेकी रमलाले यहाँसम्म आइपुग्दा ६ सयभन्दा बढी गीत गाइसकेकी छन् । उनका 'अम्बले अम्बले', 'लक्पर योन्दोङ', कर्स्योल पोङ', 'साइकोले कोउ', 'सिङ्ल म्हने' 'गङजोरी तामर म्हेन्दो', 'रन्ता तपरीम' जस्ता गीतहरू चर्चित छन् ।

## नेपाल म्युजिक एन्ड फेशन अवार्ड २०८० सम्पन्न

# जुनाको हातमा उत्कृष्ट गायिकाको अवार्ड, अन्जु बनिन् उत्कृष्ट मोडल





**म्यूजिक खबर/काठमाडौं**

चौथो नेपाल म्युजिक एन्ड फेशन अवार्ड २०८० मा उत्कृष्ट दोहोरी गायिकाको अवार्ड जुना श्रीष मगरले चुम्न सफल भइन् भने लोकदोहोरी मोडलको अवार्ड अन्जु निरौलाले चुम्न सफल भइन् । गायिका जुना श्रीषले आईपुग्यो बाग्लुङबाट अवार्ड चुमेकी हुन् भने मोडल अन्जु निरौलाले पागल मान्छेबाट अवार्ड चुम्न सफल भएकी हुन् । विभिन्न ४० भएको चौथो नेपाल म्युजिक एन्ड फेशन अवार्ड २०८० मा पूर्व प्रधानमन्त्री तथा नेकपा समाजवादीका नेता झलनाथ खनालको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा मध्यान्न दैनिकका बरिष्ठ पत्रकार मदन कुमार श्रेष्ठलाई विशिष पत्रकारिता योगदान सम्मान र अन्नपूर्ण पोष्टका सम्पादक अखण्ड भण्डारीलाई राष्ट्रिय पत्रकारिता योगदान सम्मानबाट सम्मानित गरियो ।

यस्तै ११ हजार १११ रूपैयाँ सहितको यसपटकको चलचित्र पत्रकारिता पुरस्कार पत्रकार विष्णु प्रसाद सुवेदीलाई प्रदान गरियो भने मनोज थापालाई आर्थिक पत्रकारिता सम्मान, श्रव्यदृष्य पत्रकारिता सम्मान अनिषा कार्कीलाई, सविता पोखरेललाई गीतकार सम्मान, लक्ष्मी महर्जनलाई ब्युटिसियन सम्मान, टेकराज पाण्डेलाई मेकअप आर्टिष्ट सम्मानबाट सम्मानित गरियो ।

यस्तै मोडल तथा गीतकार अभि सुनार, मोडल तथा संगीतकार मनोज सिग्देल (उरेश), मोडल रमेश सेन्चुरी, ब्युटिसियन रिता दुलाल, इभेन्ट कोअर्डिनेटर सपना गैरे पोखरेल, फोटोग्राफर सुजन सापकोटा, ब्युटिसियन सुनिरा श्रेष्ठ र लाईटम्यान सुनिल कुमार राउत पनि कार्यक्रममा सम्मानित भए ।

सो अवार्ड समारोहमा आधुनिक विधा तर्फ उत्कृष्ट गायिकाको अवार्ड यो मनको आकाश गीतबाट अञ्जु पन्तले, गायिकाको जुरी अवार्ड तेज वति जोशीले उत्कृष्ट गायकको अवार्ड नघोच यो छाती गीतबाट नारायण थापाले जिते । उत्कृष्ट गीतकारको अवार्ड छाती किन पोल्छबाट बैकुण्ठ प्रसाद उपाध्यायले यही गीतबाट म्युजिक भिडियो निर्देशकको अवार्ड राजेश थापाले र महिला मोडलको अवार्ड अभिनेत्री केकी अधिकारीले हाँसिल गरे । आधुनिक गीत गीतकारको जुरी अवार्ड महसुस गरबाट डा. विनु बाबा अर्यालले, आधुनिक गीत पुरूष मोडलको अवार्ड जाले रूमालबाट बुद्धी तामाङले, उत्कृष्ट संगीत संयोजकको अवार्ड हजार जुनीबाट साहस शाक्यले, म्युजिक भिडियो कोरियोग्राफरको अवार्ड ए होर मायाँबाट मौसम हिमालीले, म्युजिक भिडियो सिनेमाटोग्राफरको अवार्ड बाबा गीतबाट रन्धिर शाहले प्राप्त गरे ।

पूर्व प्रधानमन्त्री खनालसहित संगीत नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति एवम् गायक शम्भु राई, नेपाल चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलालगायतले विजेतालाई अवार्ड प्रदान गरे ।

समरोहमा लोक दोहोरी तर्फ काठे लोक दोहोरी गायकको अवार्ड एउटा चिनोबाट नमराज ढुंगानाले, लोक दोहोरी गायकको अवार्ड धोको थिएनबाट रोशन तिखत्रीले, लोक दोहोरी मोडल (पुरूष)को अवार्ड मुटु चस्केरबाट दीपेन्द्र सोनमले, मोडल (महिला) जुरी अवार्ड एउटा चिनोबाट सिम्रन दुलालले, लोक दोहोरी म्युजिक भिडियो निर्देशकको अवार्ड हाईसन्चोबाट एकेन्द्र साराशंकरले पाए ।

सो कार्यक्रममा लोकगीत गायकको अवार्ड मेरी आमाबाट रमेश परियारले, लोक गायिकाको अवार्ड लाहुरे हुँ म गीतबाट मुना शाह, सर्वोत्कृष्ट देउडा गायिकाको अवार्ड बौजु गीतबाट झुमा लिम्बुले जिते ।

कार्यक्रममा चलचित्र तर्फ उत्कृष्ट चलचित्र गीत गायिकाको अवार्ड चलचित्र दीलमाया-२ को छुट्छकी साथ गीतबाट सरू गौतमले, चलचित्र गीत गायकको अवार्ड चलचित्र रोशनीको अधुरो छु म तिमी बिनाबाट ओम सुनारले पाए भने आदिबासी गीत तर्फ तामाङ भाषा गायिकाको अवार्ड म्हेन्दोरी लोई गीतबाट रमला पाखिन तामाङले र नेपाल भाषा गीत उत्कृष्ट गायिकाको अवार्ड हाकु दाईचा गीतबाट तेजवति जोशीले पाईन् ।

यस्तै पप विधातर्फ आधुनिक पप गायकको अवार्ड तिमीलाई हेरी हेरी रहनेबाट आर्जन पाण्डेले, वर्षकै सर्वोत्कृष्ट लोक पप गीतको अवार्ड गायकबाट दुई नजरमार्फत सुरेन्द्र गौतमले, लोक पप गायकको जुरी अवार्ड नविन कुमार पौडेल १८ कट्यौकी कटेनौ गीतबाट पाए भने उत्कृष्ट लोकपप गीत गायकको अवार्ड मेरी मायाँलुबाट आश्रय रञ्जितले हाँसिल गरे ।

यस्तै लोक पप गायक पब्लिक च्वाईस अवार्ड भागी भागी नजाउबाट गणेश थापाले, लोक पप गायिकाको अवार्ड पियारीबाट सहिमा श्रेष्ठले, लोकपप संगीतकारको अवार्ड क्लियर कटबाट योगेन्द्र उपाध्यायले प्राप्त गरे । यस्तै उत्कृष्ट पप गीत गायकको अवार्ड राम थैं म गीतबाट हेमन्त शिशिरले, लोक पप म्युजिक भिडियो मोडल (पुरूष) को अवार्ड पियारी गीतबाट रमेश चन्द सोडारीले, लोक पप म्युजिक भिडियो बाल मोडलको अवार्ड फस्दै गएछु गीतबाट दिप्सन चिलुवालले र लोक पप कोरियोग्राफरको अवार्ड ए केटा मादलु गीतबाट दिवस गिरीले हाँसिल गरे ।

यो अवार्डको निर्णायकहरूमा गायिका जुनु रिजाल, गायक तथा मोडल दुर्गेश थापा, गायक रोशन सिंह, म्युजिक भिडियो निर्देशक बविता श्रेष्ठ र दृष्य सम्पादक बीरेन्द्र भाट (बिपिन) थिए । सो अवार्ड समरोहमा फेशन विधा तर्फ पनि विभिन्न अवार्ड प्रदान गरियो । जसमा उत्कृष्ट प्रोफेस्नल नेल टेक्निसियन अवार्डको शशी देवी घिमिरेले, उत्कृष्ट ब्युटिसियनको अवार्ड कुष्मा ओलीले, उत्कृष्ट फेशन एन्ड म्युजिकल प्रोग्राम अर्गनाईजर अवार्ड जोहन श्रेष्ठले हाँसिल गरे । फेशन तर्फको जुरीमा कोरियोग्राफर अश्विनी कान्त झा थिए । विलक्षण क्रियसन प्रा.लि. र स्टारवान इन्टरटेनमेन्ट प्रा.लि.ले आयोजना गरेको सो कार्यक्रममा विभिन्न कलाकारले सांगीतिक प्रस्तुति दिएका थिए ।










# 'डेउडा आइडल' हुने, निर्णायकमा नन्दकृष्ण, टिका र तिलक, होस्ट-अनिता र राकेश

**म्यूजिक खबर/काठमाडौं**

केही वर्षयता नेपालमा रियालिटी शोहरूको संख्या बढ्दै गएको छ । त्यसमध्ये पनि गायन रियालिटी शो बढी छन् । यसैक्रममा 'डेउडा आइडल-२०८०' नामक अर्को गायन रियालिटी शो हुने भएको छ । नेपालमै पहिलोपटक डेउडा विधालाई लिएर यो शो हुने भएको हो ।

आयोजक डेउडा सांस्कृतिक मञ्चले शनिबार काठमाडौंमा पत्रकार सम्मेलन गरी डेउडा आइडलबारे जानकारी गराएको हो।

सुदूरपश्चिम र कर्णाली प्रदेशको भाषा संस्कृतिसँगै भेषभूषाको जगेर्ना गर्ने उद्देश्यले कार्यक्रम आयोजन गर्न लागिएको आयोजकले जनाएको छ। डेउडा आइडलको अडिसन कर्णाली र सुदूरपश्चिमका १९ जिल्लामा सञ्चालन हुने छ। प्रत्येक पालिकामा प्रतिभा छनोटका लागि अडिसन हुने आइडका संयोजक महेशकुमार औजीले जानकारी दिए।

डेउडा आइडलको प्रायोजनमा हिमाल डेन्टल हस्पिटल गरेको छ। कार्यक्रमको प्रत्यक्ष प्रशारण टीभी टुडे टेलिभिनले गर्ने भएको छ। पत्रकार सम्मेलनमा टीभी टुडे टेलिभिजनका कार्यकारी अध्यक्ष जनकराज पन्तले डेउडा आइडल सुदूर र कर्णालीका प्रतिभाहरूका लागि उत्कृष्ट मञ्च भएको बताए। साथै पन्तले ब्रोडकास्ट पार्टनरको हैसियतले कार्यक्रम सम्पन्न गर्नमा टीभी टुडेले पनि सक्दो सहयोग प्रतिबद्धता जनाए।

यस्तै वरिष्ठ डेउडा गायक नन्दकृष्ण जोशीले देउडा आइडललाई सफल पार्न सम्पूर्ण डेउडा प्रेमी जनताले सहयोग गर्ने विश्वास व्यक्त गरे। जोशीले अबको दश वर्षमा डेउडा गीत सारा नेपालीले गाउने दाबी गरे। कार्यक्रमका संयोजक महेशकुमार औजीले डेउडा संस्कृतिलाई जिवन्त बनाउनका लागि डेउडा आइडल आयोजन गर्न लागिएको बताए।

लामो समयको प्रयासपछि डेउडा आइडल गर्ने अवस्थामा पुगेको औजीको भनाइ थियो। यस्तै गायक तथा संगीत साधक तिलकसिंह पेलाले डेउडा आइडल मानसखण्डको संस्कृतिलाई संरक्षण गर्नका लागि कोसेढुंगा सावित हुने बताए । डेउडा आइडलको पुरस्कार राशि अर्को पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिने आयोजकले जनाएको छ।

आइडलको निर्णायक मण्डलमा नन्दकृष्ण जोशी, तिलकसिंह पेला र टीका पुन रहेका छन्। दिनेश खड्काले निर्देशन गर्ने डेउडा आइडलको उद्घोषण अनिता चलाउने र राकेश दुयालले गर्ने छन् । शो मंसिरदेखि टेलिभिजनमा प्रशारण गर्ने तयारी गरिएको छ ।

# कमला जोशी निर्माता रहेको चलचित्र चिठ्ठीको पोष्ट प्रोडक्सन सम्पन्न



**म्यूजिक खबर/काठमाडौं**

संचारकर्मी कमला जोशी निर्माता रहेको चलचित्र 'चिट्ठी'को पोष्ट प्रोडक्सनको कार्य पुर्ण रूपमा सम्पन्न भएको छ । मंगलबार आफ्नो यूनिटसंग फिल्मको बारेमा समिक्षा गर्दै चलचित्र चिट्ठीको सम्पुर्ण कार्य सम्पन्न भएको र अव केही दिनमै चलचित्रको फष्टलुक्स सार्वजनिक गर्ने तयारीमा रहेको जानकारी निर्माण पक्षले दिएको छ । कमेडी, सस्पेन्स र थ्रिलर जनरामा बनेको चलचित्रलाई माधव राज खरेलले लेखन तथा निर्देशन गरेका हुन् ।

एरा प्रोडक्सनको ब्यानरमा निर्माण भएको उक्त चलचित्रमा सञ्जित भण्डारी, अर्गानिक कमेडी खड्गबहादुर पुनमगर खवपु, गोपाल ढकाल छन्दे, नबुजंग थापा, मुस्कान लामा, प्रवन भुषाल, कञ्चन चालिसेका साथै बरिष्ठ कलाकार मोहन निरौला, शान्तिप्रिय, माधव खरेल, श्रीदेव भट्टराई, नम्रता खरेल पौडेल, रश्मि भट्ट, उद्धव भट्टराई, कृष्ण भट्टराई, डेविलसिंह राजपुत, राजन थापा, पुरूषोत्तम सानु, पूर्ण राई, राजु कार्की, रन्जु गुरूङ, मुना निरौला, कविन्द्र त्रिपाठी लगायतका कलाकारहरूको अभिनय रहेको छ ।

चलचित्रमा पत्रकार समेत रहेका गायक तथा संगीतकार सरोज कोइरालाले संगीत भरेका छन् । शिब परियार, बेनिसा पौडेल, बसन्त अर्यालको स्वरमा ती गीतहरू रेकर्ड भएका हुन् । डा.कृष्णहरि बराल र कमला जोशी गीतकार रहेको चलचित्रमा एउटा शिवताण्डव भजन समेत रहेको छ जुन भजनको संगीत संगीतकार राजेन्द्र बजगाईंले गरेका हुन् ।

जीवन पराजुली एबम् राजन खरेलको छायांकन रहेको चिट्ठीलाई काठमाण्डौं, काभ्रपलाञ्चोक, ललितपुर लगायतका जिल्लाका विभिन्न रमणीयस्थल छायांकन गरिएको थियो ।

अच्यूत बजगाई, राजेश कुमार र माधव खरेल सम्पादन रहेको उक्त चलचित्रमा समिर मियाँको कलर तथा एनिमेसन रहेको छ । चलचित्रमा पुस्कर खत्रीको ब्याकराउण्ड म्यूजिक स्कोर, मनोज परियारको साउण्ड मिक्सिङ तथा अमित श्रेष्ठको फाइभ इन वान साउण्ड मिक्सिङ रहेको छ । चलचित्रलाई सन् २०२४ भित्रै प्रदर्शन गरिने निर्माण पक्षले जानकारी दिएको छ ।



# नेपाली चलचित्र पत्रकारितामा योगदान पुऱ्याएका दुई महिला सम्मानित

**म्यूजिक खबर/काठमाडौं**

नेपाली चलचित्र पत्रकारितामा योगदान पुऱ्याएका दुई महिला सम्मानित भएका छन् । नेपालकै पहिलो महिला चलचित्र पत्रकार शशिकला मानन्धर र चलचित्र पत्रकार संघकी संस्थापक सदस्य एवं नेपालको पहिलो महिला चलचित्र निर्देशक सुचित्रा श्रेष्ठ सम्मानित भएका हुन् ।

चलचित्र पत्रकार संघ नेपाल, महिला विभागले आयोजना गरेको 'तीज उत्सव तथा सम्मान कार्यक्रम २०८०' मा नेपाली चलचित्र पत्रकारितामा योगदान पुऱ्याएको कदर गर्दै यी दुई महिलालाई सम्मानित गरिएको हो ।

तीसको दशकबाटै रंगमञ्च, साहित्य लगायत कला क्षेत्रमा सक्रिय रहेकी शशिकला मानन्धर नेपाली चलचित्र पत्रकारीताको क्षेत्रमा पहिलो पाइला राख्ने महिला हुन् । उनले 'इनाप', 'कामना' 'गोरखापत्र' लगायत पत्रपत्रिकामा काम गरेकी थिइन् ।

त्यस्तै चलचित्र पत्रकारको रूपमा करियर शुरू गरेर चलचित्र पत्रकार संघको संस्थापक सदस्य भएर नेपालकै पहिलो महिला निर्देशक हुन् सुचित्रा श्रेष्ठ । उनी नेपालको पहिलो महिला निर्देशक समेत हुन् । उनले निर्देशन गरेको चलचित्र 'प्रेम युद्ध' हो ।

कार्यक्रम वरिष्ठ अभिनेत्री बसुन्धरा भुषालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रमको सभाध्यक्ष भने चलचित्र पत्रकार संघको महिला विभाग संयोजक दीपज्योति थापाले गरेकी थिइन् ।

कार्यक्रममा चलचित्र पत्रकार संघ नेपाल अध्यक्ष समिर बलामी, वरिष्ठ चलचित्र पत्रकार एवं कोरियोग्राफर जयन सुब्बा मानन्धर, सञ्चारकर्मी गीता अधिकारी, सञ्चारकर्मी सबी कार्की लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमलाई सञ्चारकर्मी सुष्माश्री कार्कीले सहजीकरण गरेकी थिईन् ।

# लुटपछि राजनीतिक सिनेमा बनाए निश्चलले



**म्यूजिक खबर/काठमाडौं**

७ वर्षपछि चलचित्र निर्देशनमा फर्केका निश्चल बस्नेतले यसपटक राजनीतिक समस्यालाई समेटेर चलचित्र 'दिमाग खराब' निर्देशन गरेका छन् । यस अघि उनले अपराधिक जनरामा चलचित्र लुट र लुट २ निर्देशन गरेका थिए ।

उनले चलचित्र दिमाग खराब आगामी तिहारको अबसर पारेर २४ कात्तिकमा रिलिज गर्ने बताएका छन् । काठमाडौंमा एक समारोहबीच यो चलचित्रको दोश्रो गीत 'झम्के झमाझम'को भिडियो रिलिज गर्दै आफ्नो सिनेमा राजनीतिक विषयबस्तुमा केन्द्रित रहेको निश्चलले जानकारी गराए ।

'राजनीतिक अबस्था राम्रो भयो भने तथा सुसासन भयो भने मुलुकको अबस्था राम्रो हुन्छ । नेपालमा राजनीतिक बिकृति बिसँगति दिन दिनै बढीरहेकाले त्यसलाई खबरदारी गर्न हामीले चलचित्र दिमाग खराब निर्माण गरेका हौं ।' निर्देशक बस्नेतले बताएका छन् ।

सार्वजनिक झम्के झमाझम गीतमा निश्चल आफुले पनि अभिनय गरेका छन् । यस अघि उद्रेको चोली देखि कालेकेटासम्म थुप्रै गीतमा मोडलिङ गरेर चर्चा कमाएका कारण यसपटक यो गीतमा पनि अभिनय गरेको उनको तर्क छ । यो गीतको भिडियो निश्चलसँगै चलचित्रका मुख्य कलाकार दयाहाङ राई, स्वस्तिमा खड्का, खगेन्द्र लामिछाने, अर्पण थापा, विजय बराल, सुपुष्पा भट्टको पनि अभिनय छ । यो गीतमा बाबुल गिरीको शब्द तथा संगीत तथा सुमित खड्का र नम्रता काफ्लेको स्वर रहेको छ । गीत मध्यम प्रकारको रहेको छ ।

यो चलचित्रका अन्य कलाकारमा सुमन कार्की, पुष्कर गुरूङ, माओत्से गुरूङ, राजन खतिवडा, रमा थपलिया, गौरभी आरएल सिंह, गीत अधिकारी, कृष्णभक्त महर्जन, धीरज भट्ट, राहुल सिवाकोटी, नविन खड्कालगायत छन् । काभ्रे, काठमाडौंलगायतको स्थानमा यो चलचित्रको छायाँकन गरिएको हो ।

सिनेमा आर्ट्स र ब्ल्याक हर्स पिक्चर्सको निर्माण रहेको यो चलचित्रमा आकाश बरालको लेखन र मनोज पण्डित स्क्रिप्ट एड्भाईजरी रहेको छ ।

चलचित्र दिमाग खराबमा सुसन प्रजापतिको छायांकन, निमेष श्रेष्ठको सम्पादन, राजकुमार उप्रेतीको द्वन्द्व निर्देशन, रोहित शाक्यको ब्याकग्राउन्ड स्कोर छ । जसमा रौनक विक्रम कँडेल निर्माता र सुरज बम ठकुरी कार्यकारी निर्माताको रूपमा छन् ।

# "रङ्गेली"को जापान, कोरिया र हङकङ वितरण अधिकार बिक्री




**म्यूजिक खबर/काठमाडौं**

हाल छायांकनको क्रममा रहेको नेपाली चलचित्र 'रङ्गेली'को जापान, कोरिया र हङ्कङ वितरण अधिकार बिक्री भएको छ । चलचित्रका निर्माता जीतेन्द्र खतिवडाका अनुसार उज्ज्वल गुरागाईं र यूएनए इन्टरटेन्मेन्टले तीन देशको वितरण अधिकार खरिद गरेका हुन् ।

नेपाली चलचित्रले ती देशहरूबाट प्राप्त गरिरहेको उच्चतम रकममा अधिकार बिक्री गरिएको खतिवडाले बताए । यसअघि अस्ट्रेलियामा पनि 'रङ्गेली' बिक्री भइसकेको छ । अस्ट्रेलियाको मेलबर्नमा माघको अन्तिम हप्ता 'ग्रान्ड प्रिमियर'को समेत तयारी भएको छ ।

आगामी मार्च ८ तारिख (महाशिवरात्रिको दिन फागुन २५ गते)मा अस्ट्रेलिया, जापान, कोरिया र हङ्कङ्मा यो चलचित्र नेपालसँगै रिलिज हुने पक्का भइसकेको छ । सोही मितिमा रिलिज गर्न यी बाहेकका मुलुकहरूमा पनि वितरकहरूसँग सम्झौता हुने तयारीमा रहेको निर्माता खतिवडाले बताए ।

अर्जुन सुवेदीको लेखन तथा निर्देशन रहेको 'रङ्गेली'मा दयाहाङ राई, मिरूना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी लगायतको प्रमुख भूमिका रहेको छ । हाल चलचित्रको मोरङको रङ्गेली, कर्सिया, कटहरी, विराटनगर र बिर्तामोड क्षेत्रमा यसको छायांकन भइरहेको छ ।

यस चलचित्रको सुशान्त गौतमको सङ्गीत एक गीत युरोपको विश्व प्रतिष्ठित 'बुढापेस्ट अर्केस्ट्रा'मा लाइभ छायांकन हुनेछ । नेपाली चलचित्रले पहिलो पटक यस प्रकारले गीत छायांकन गर्न लागेको हो । सो गीतमा हर्क साउदको शब्द रचना रहेको छ । चलचित्रका अन्य गीतहरूमा सुशान्त गौतम र हर्कुलस बस्नेतको सङ्गीत रहनेछ ।

चलचित्रका कार्यकारी निर्माताहरू जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन् । निर्माताहरू संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ हुन् भने युवक कार्की र शिव थपलिया सह-निर्माता हुन् । विवेक खड्का (योलो) एशोसियट निर्माता हुन् । यो चलचित्रलाई सुशन प्रजापतिले छायांकन गरिरहेका छन् ।

# सांगीतिक चलचित्र "हे दैव" सार्वजनिक गर्दै भक्कानिए राजेश




**म्यूजिक खबर/काठमाडौं**

साङ्गीतिक दुनियाँमा आफ्नो भविष्य बनाउन अघि बढेको समयमा कार दुर्घटनामा परी २६ वर्षको उमेरमा निधन भएका सुरेश केरूङको सम्झनामा उनको परिवारले साङ्गीतिक चलचित्र बनाएको छ । शुक्रवार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गरी 'हे दैव' शीर्षकको सो चलचित्र रिलिज गरिएको छ ।

भुटानी शरणार्थीको रूपमा झापाको बेलडाँगीबाट अमेरिकाको एटलान्टा पुगेका स्व. केरूङको वास्तविक कथामा आधारित सो चलचित्र सार्वजनिक कार्यक्रममा केरूङको परिवारसँग नजिक भएका गायक राजेश पायल राई भक्कानिए। सुरेशसँगका पलहरू सम्झिँदै राईले केरूङ परिवार आफ्नै परिवार जस्तै भएको बताए । उनले गत वर्ष निधन भएका सुरेशको परिवारसँगको भावनात्मक सम्बन्धका कारण उनीहरू बस्ने सहर एटलान्टामा हुने सबै कार्यक्रम रद्द गरेको बताए । केरूङ परिवार भने रिलिज कार्यक्रममा उपस्थित थिएनन् । परिवारको प्रतिनिधित्व पनि गायक राईले नै गरेका थिए ।

कार्यक्रममा कलाकार कविता आलेले आफूले सुरेशलाई कहिल्यै नभेटेको भएता पनि छायांकनको क्रममा आफूछेउ आएको जस्तै भान भएको बताइन् । कार्यक्रममा प्रमुख अतिथिको रूपमा पुगेका साङ्गीतिक सङ्घ नेपालका अध्यक्ष प्राज्ञ चेतन सापकोटाले वास्तविक कथालाई साङ्गीतिक चलचित्रमा उतार्नु जोखिमपूर्ण काम भएको तर निर्देशक यसमा सफल भएको बताए । सापकोटाले भिडियो मार्फत आफ्नो सन्तान गुमाउन पर्दा परिवारलाई परेको आघातलाई जस्ताको तस्तै उतारेर समाजमा ठुलो सन्देश छोडेको बताए ।

यस साङ्गीतिक चलचित्रको गीतमा शब्द रचना विक्रम साङ्पाङको रहेको छ भने सङ्गीत शंकर थापा 'स्माइल'को रहेको छ । यसमा राजेश पायल राई, प्रविशा अधिकारी र सुनिता थेगिमको स्वर रहेको छ ।

२० मिनेट लम्बाइको यस चलचित्रलाई देव जङ्ग थापाले निर्देशन गरेका छन् । यसमा माओत्से गुरूङ, कविता आले, बुद्धि तामाङ, एलिशा राई, रजनी गुरूङ, अनिल सुब्बा, दिप्सन आङ्बो र धनु ग्याङ्मीको अभिनय रहेको छ । सिनेमाटोग्राफर ज्ञानेन्द्र शर्मा हुन् भने सम्पादक विवेक उप्रेती हुन् । प्रोडक्सन डिजाइन दिपेन गौतम 'माइकल'ले गरेका छन् ।

# एक लाखको 'भ्रष्टाचार विरुद्धको गीत प्रतियोगिता'को समय थप




**म्यूजिक खबर/काठमाडौं**

हेम सरिता पाठक फाउन्डेसनले एक लाख रकमको "भ्रष्टाचार विरूद्धको गीत प्रतियोगिता" गर्ने जनाएको छ । उत्कृष्ट शब्दलाई यो प्रतियोगितामा पुरस्कृत गरिने र प्रतियोगिताको समय आगामी २०८० भदौ १५ गतेसम्म तोकिएकोमा आगामी २०८० मङ्सिर १५ सम्म थप समय तोकिएको छ । सो कुरा नेपाल शाखाका अध्यक्ष एवं प्रतियोगिताका संयोजक राधेश्याम लेकालीले प्रेसित गर्नु भएको पत्रमा उल्लेख गर्नु भएको छ ।

अमेरिकामा बसोबास गर्दै आउनु भएका समाजसेवीहरू हेम पाठक र सरिता पाठकले सो रकमको ब्यवस्था गर्नु भएको हो । यसअगि पनि एक लाख रकमको "भ्रष्टाचार विरूद्धको कविता प्रतियोगिता" घोषणा भइसकेको छ । फाउन्डेसनले पत्रकारिताका अलावा सङ्गीत र साहित्यमा पुरस्कारहरू प्रदान गर्दै आएको छ । यस्तै नेपालमा स्कुल संचालन, विपन्नबर्गको लागि घर निर्माण र आयमुलक कार्यक्रमको लागि रकम अनुदान तथा अमेरिकामा गरीब नेपाली विद्यार्थीलाई छात्रवृत्तिसमेत उपलब्ध गराउँदै आएको छ ।



# मेलिना र टंकको "लुकी लुकी"

म्यूजिक खबर । छायांकार तथा निर्देशकको रूपमा नाम कमाएका भुपेन्द्र तुम्बाहाङ्फे अभिनय तथा नृत्यमा समेत उत्तिकै पारङ्गत छन्। बेला बेला अभिनय समेत गर्ने भुपेन्द्र तुम्बाहाङ्फे र मोडल परिक्षा लिम्बूद्वारा अभिनित गीत 'लुकी लुकी' म्यूजिक भिडियो सार्वजनिक भएको छ ।

गीतकार गणेश थक्लुङको शब्द, गायक तथा संगीतकार टंक बुढाथोकीको संगीतमा टंक बुढाथोकी र गायीका मेलिना राईको आवाज रहेको गीतको म्युजिक भिडियोमा साउथ इन्डियन स्टाइलको रोमान्सले भरिएको डान्स तथा रोचक कथा समेत समाबेश गरिएको छ। दिवस गिरीको कोरीयोग्राफी रहेको भिडियोलाई मज्जाको राईले छायांकन गरेका हुन् भने सम्पादन अनिल रानाले गरेका छन् । सञ्जु थलङको मेकअप, किरण न्यौपानेको सहायक छायांकन र खगेन्द्र वजी लिम्बूको आर्ट प्रडक्शन रहेको भिडियो गणेश थक्लुङ र कृष्ण गुरूङको निर्माणमा बनेको हो ।थैली इन्टरटेन्मेन्टको पोष्ट प्रडक्शन रहेको भिडियो थैली इन्टरटेन्मेन्टको अफिसियल युट्यूव च्यानलबाट सार्वजनिक गरिएकोछ ।


## बर्गीकृत विज्ञापन

### रेकर्डिङ स्टुडियोहरू

१. राग रेकर्डिङ स्टुडियो
न्यूप्लाजा, काठमाडौं फोन: ९८५१२५६६६६

२. आलाप म्यूजिक रेकर्डिङ स्टुडियो
सामाखुशी, काठमाडौं । फोन:९८४९१५५०९७

३. स्टुडियो अडियो ल्याब
अनामनगर पूर्वीगेट, फोन: ९८६३३३१०८०

४. एम.बी. म्यूजिक रेकर्डिङ स्टुडियो
कपुरधारा, काठमाडौं फोन: ९८४१८७९१०५

५. मारुनी डिजिटल रेकर्डिङ स्टुडियो
उत्तरढोका, काठमाडौं फोन: ९८५११४६१५६, ९८१०९३५९५४, ९८०३६९५९००

५. मेलोडी नेपाल रेकर्डिङ स्टुडियो
अनामनगर, काठमाडौं । फोन: ०१-४१०२६४३, ९८५१२३९३०७, ९८४३२९६७५१, ९८४१६९५२८४, ९८४७४२५२६०,

६.प्रिज्म डिजिटल रेकर्डिङ स्टुडियो
बबरमहल, काठमाडौं, फोन: ०१-४२६८६१४

### एरेन्जर

- सुदीप सागर, फोन: ९८५११८८२३७
- झलक संगीतम्, फोन:९८४९१५५०९७
- आशिष अबिरल, फोन:९८५१२५६६६६
- विपिन आचार्य, फोन:९८४१८७९१०५

### दोहोरी साँझ

- गाउँले रोधीघर
मित्रनगर, नयाँबसपार्क
- चाँदनी रोधी नाचघर,
मित्रनगर, नयाँबसपार्क
- डाँडाघरे रोधीघर एण्ड क्लब
मित्रनगर, नयाँबसपार्क

### भिडियो निर्माण कम्पनी

- गुरुआमा फिल्म्स प्रा.लि.
अनामनगर, काठमाडौं । फोन:९८४१११६२६७
- साइभिजन प्रा.लि. अनामनगर
फोन: ४१०२६८४/९८५१११२६४९
- श्रीराज इन्टरटेनमेन्ट, कपुरधारा
फोन: ९८५१२३८२२३

### संगीत प्रशिक्षण केन्द्र

- साधना कला केन्द्र, पुतलीसडक
फोन: ४४४०२२८/४४४०१६८

### बर्गीकृत विज्ञापनका लागि

९८५१००७४३०
९८४१७१०७५१

# लोक दोहोरी अवार्डमा कृष्णसुधालाई लाइफटाइम, रायमाझीलाई लोक पत्रकारिता सम्मान




**म्यूजिक खबर/काठमाडौं**

आठौं राष्ट्रिय लोक दोहोरी अवार्ड कार्यक्रममा वरिष्ठ गायक, सर्जक कृष्णसुधा ढुंगानालाई लाइफटाइम अचिभमेन्ट अवार्डबाट सम्मानित गरिएको छ भने लोकप्रिय संचारकर्मी राजकुमार रायमाझी लोक पत्रकारिता सम्मानबाट सम्मानित भएका छन् । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, उपत्यका समन्वय समिती, काठमाडौंको आयोजनामा भएको 'आठौ राष्ट्रिय लोक दोहोरी अवार्ड - २०८०' मा लोकप्रिय सञ्चारकर्मी राजकुमार रायमाझीलाई नगद रू ११११९ नगद राशिसहित लोक पत्रकारिता सम्मान प्रदान गरिएको हो ।

बि. सं. २०६२ मा रेडियो एचबिसिबाट सञ्चार क्षेत्रमा प्रबेश गरेका राजकुमार रायमाझीले नेपाल टेलिभिजन, नेपाल टेलिभिजन प्लस, टि. भी. टुडे, रेडियो उपत्यका, रेडियो मलमलामा लामो समय लोक संगीत सम्बन्धी कार्यक्रम सञ्चालन गरेका थिए भने संगीतयात्रा राष्ट्रिय मासिक र जनदृष्टिकोण राष्ट्रिय मासिकमा निरन्तर कलम चलाएका थिए । हाल उनी रेडियो एन.आर.एन.मा दैनिक कार्यक्रम लोक सिर्जनामार्फत निरन्तर पत्रकारिता गर्दै आएका छन् ।



रायमाझी राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, नेपाल केन्द्रीय समितिका सह–सचिव एवं सञ्चार विभाग संयोजक समेत हुन् । करिब १९ बर्षको सञ्चार यात्राको एउटा ठुलो सफलता मिलेको महसुस गदै रायमाझीले आफुलाई हरेक यात्रामा साथ सपोर्ट गर्ने प्रति र सम्मान गर्ने आयोजक प्रती आभार प्रकट गरेका छन् । यो सम्मानले अझै थप जिम्मेवारी संगै चुनौती पनि थपिएको बताउँदै आफ्नो सञ्चार कर्मलाई अगाडी बढाउने सोच रहेको कुरा रायमाझीले बताए । रायमाझी उपत्यका समन्वय ललितपुर समितीको संस्थापक सह संयोजक हुँदै हालः प्रतिष्ठानको केन्द्रिय सह सचिवको जिम्मेवारी सम्हालिरहेका छन् ।

त्यसैगरी कार्यक्रममा उपत्यका समन्वय बिशिष्ट सम्मान (बेबारिसे लास ब्यवस्थापन कि सदस्य) सपना रोका, संस्थागत सम्मान वरिष्ठ गायक पुरूषोत्तम न्यौपाने, लोक दोहोरी




अवार्ड बिशेष सम्मान सर्जक शिब हमाललाई सम्मानित गरियो भने दशकका श्रष्टा सम्मान एक नारायण भण्डारीलाई प्रदान गरियो । त्यस्तै सदाबहार लोक गीत सम्मान बाबरी फुलको बोट (पाण्डब सुनुवार)लाई अर्पण गरियो । त्यस्तै दोहोरी साँझ कलाकार सम्मान कृष्ण आँशु प्रदान गरिएको थियो ।

अवार्डमा श्रीकृष्ण बममल्लले उत्कृष्ट भाकातर्फको अवार्ड चुम्न सफल भए । त्यस्तै चर्चित मोडलको अवार्ड रूविना अधिकारीलाई प्रदान गरिएको थियो भने पब्लिक च्वाइस मोडलको अवार्ड जुना गुरूङले हात पारेकी थिइन् । त्यस्तै म्यूजिक भिडियो सम्पादनतर्फको अवार्ड मिलन विश्वकर्माले चुम्न सफल भए भने उत्कृष्ट संगीत संयोजकको अवार्ड विश्वास नेपालले प्राप्त गरे ।

# बहुप्रतिक्षित गीत 'ए परदेशी भाग २' बजारमा




**म्यूजिक खबर/काठमाडौं**

कुनै पनि लोक तथा दोहोरी गीत सार्बजनिक हुनुपुर्व टिकटकमा भाइरल कमै कलाकारको हुने गर्दछ तर स्थायी घर नुवाकोट र हाल प्रबासमा रहेका लोकप्रिय गायक तथा सर्जक दिनेश श्रेष्ठको भने हरेक गीत सार्बजनिक हुनुपूर्व नै टिकटकमा भाइरल भैसकेका हुन्छन् । जसको कारण पुरै गीत सुन्न र हेर्नमा दर्शक श्रोताहरूलाई हतार हुने गर्दछ । यसैलाई मध्यनजर गर्दै दिनेशले आफ्नो गीतलाई पूर्णता दिंदै "ए परदेशी भाग २" नाममा उक्त गीतलाई भर्खरै सार्बजनिक गरेका छन् ।

प्रस्तुत गीतमा प्रस्तुतकर्ता दिनेशको नै लय शब्द रहेको छ भने स्वर दिनेश श्रेष्ठ र सरिता थापा मगरको सुन्न सकिन्छ । निकै मर्मस्पर्सी भाव र संगीतमा तयार भएको गीतको म्युजिक भिडियोमा अनु शाह, अरूण सापकोटा, जयराम सापकोटा र अन्जु पण्डितको आकर्षक अभिनय देख्न सकिन्छ । भिडियोलाई निर्देशन प्रविन थापाले गरेका हुन् भने छायांकन बिरेन्द्र भट्ट र सम्पादन अमृत चापागाईंले गरेका छन् । गीतको अडियो तथा भिडियोलाई दिनेश श्रेष्ठ युट्युब च्यानल मार्फत सार्बजनिक गरिएको छ ।



प्रोप्राईटर
बिमल साह
मो. ९८६३६८९५९६
९८१६८१९९९५
Tunning Master
श्री पशुपतिनाथ हारमोनियम मर्मत तथा बिक्री केन्द्र
सिनामंगल, ताराहल चोक, काठमाण्डौ
भोकलको लागि स्पेशल ट्यूनिङ गरिन्छ ।
नोटः- यहाँ पुरानो हारमोनियम, तबला, गितार, मादल लगायत म्युजिकका सबै समानहरु ग्यारेण्टिका साथ मरम्मत गरिनुका साथै नयाँ बिक्रि पनि गरिन्छ ।
होम डेलिभरीको पनि व्यवस्था छ ।
Email: bimalshah300@gmail.com

गायक बन्ने कि संगीतकार
टेन्सन भयो ?
नआत्तिनुस् !
संगीत सिक्नुस् !
अब स्पेशल कोर्षमा रू.२000। छुट
ग्यारेन्टीका साथ सिकाउने ठाउँ
यहाँ गायन, वाद्यवादन (गीतार, हारमोनियम, तबल, पियानो, भायोलिन, मादल र सारङ्गी लगायतका विधाहरु) सिकाइनुका साथै गीत संगीत सम्बन्धी सम्पूर्ण कार्यहरु गरिन्छ।
"संगीत सिकौं स्वस्थ र समृद्ध बनौं"
श्रुति संगीत विद्यालय
बानेश्वर (मदनभण्डारी कलेज, धोविखोला छेउ) सम्पर्कः ९८५१००८५४५, ९८४१५६६५५८

# युगेन्द्र क्षेत्री अनुवाद अन्तर्राष्ट्रिय पुरस्कार डा. सुवेदीलाई र लक्ष्मीकान्त जोशी राष्ट्रिय अनुवाद पुरस्कार सिन्हालाई प्रदान गरिने

म्यूजिक खबर/दार्जिलिङ

युगेन्द्र – लक्ष्मीकान्त अन्तर्राष्ट्रिय अनुवाद पुरस्कार गुठी सिलगढी, भारतले प्रदान गर्न लागेको युगेन्द्र क्षेत्री अनुवाद अन्तर्राष्ट्रिय पुरस्कार वरिष्ठ अनुवादक एवम् साहित्यकार डा. अभि सुवेदीलाई प्रदान गर्ने निर्णय गरेको छ । यो पुरस्कारमा नगद भारू एक्काइस हजार राशिसहित स्मृति चिन्ह प्रदान गरिनेछ । सो निर्णय गुठीका अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा बसेको कार्यसमितिको बैठकले गरेको हो ।

यसैगरी गुठीले लक्ष्मीकान्त जोशी राष्ट्रिय अनुवाद पुरस्कार अनुवादक एवं वरिष्ठ सर्जक डा. गोकुल सिन्हालाई प्रदान गर्ने निर्णय गरेको छ । यो पुरस्कारमा नगद भारू एघार हजार राशिसहित सम्मानपत्र र स्मृति चिन्ह प्रदान गरिनेछ । सो निर्णय संवाद सन्जाल परिवार चयन समितिको सिफारिसमा गरिएको हो । सो समितिमा ललिता जोशी, लतिका जोशी, युवराज काफ्ले, जीवन राणा, शरद छेत्री, शुक्रराज दियाली र खेम सापकोटा रहनुभएको छ ।

युगेन्द्र क्षेत्री अनुवाद अन्तर्राष्ट्रिय पुरस्कार आफ्ना श्रीमान युगेन क्षेत्रीको नाममा र लक्ष्मीकान्त जोशी राष्ट्रिय अनुवाद पुरस्कार आफ्ना पिता लक्ष्मीकान्त जोशीका नाममा सूचना संवाद संजालकी सम्पादक साहित्यकार ललिता क्षेत्रीले स्थापना गर्नुभएको हो ।

कविता, नाटक, निबन्ध र कला चेतनाका सन्धिस्थल डा. सुवेदी प्राज्ञिक चेत भएका व्यक्ति हुनुहुन्छ । नेपाली शिक्षा, सिर्जना, र प्राज्ञिक वृत्तमा उहाँको उपस्थिति रहेको छ । अराजक जस्तो जिन्दगी बिताउने डा. सुवेदी समालोचक, चिन्तक र समीक्षक हुनुहुन्छ ।





सफल अनुवादकका अलावा कवि, नाटककार र निबन्धलेखक पनि हुनुहुन्छ ।

अङ्ग्रेजी र नेपाली भाषामा बराबर कृतिका लेखक डा. सुवेदीको मूलतः समालोचना मुख्य विधा हो । उहाँ नेपाली भाषामा पाश्चात्य समालोचनाका नवचिन्तनलाई भित्राउनेमध्ये एक हुनुहुन्छ । यसैले उहाँलाई नवीन चेतनाको अग्रदूत पनि भनिन्छ ।

डा. सुवेदीका नेपाली लिटरेचर ब्याकग्राउण्ड एण्ड हिस्ट्री, पाश्चात्य काव्य सिद्धान्त, सिर्जना र मूल्यांकन, निबन्धमा उत्तरवर्ती कालखण्ड, साहित्य र आमवृत्त, निबन्ध र टुँडिखेल, कार्पेट टाँगिएको आकाश, माध्यम र रचना, अग्निको कथालगायतका कृतिहरू प्रकाशित छन् ।

यस्तै उहाँले अरस्तुको काव्य सिद्धान्तको नेपालीमा अनुवाद गर्नुभएको छ । यस्तै उहाँले अङ्ग्रेजी भाषामा विभिन्न फुटकर रचनाको अनुवादका अलावा ५१ कविका अङ्ग्रेजीमा "Poems of the Century" को अनुवाद गर्नुभएको छ ।

यस्तै उहाँका Kathmandu Odyssey, Dreams Kathmandu, Dream of Peach Blossoms, Bruised evenings, An anthology of SAARC poetry 2002– SAARC kabita 2002 लगायत अनुवाद कृतिहरू प्रकाशित छन् ।

अर्का पुरस्कृत वरिष्ठ सर्जक एवं अनुवादक डा. गोकुल सिन्हा सन् १९४० मा खरसाङ, दार्जीलिङमा जन्मिनु भएको हो । कविता, लघुकथा, निबन्धमा कलम चलाउनु हुने डा. सिन्हाले बाइबल, गीताको नेपाली भाषामा अनुवाद गर्नुभएको छ भने नेपाली रामायणको पहिलोपटक अङ्ग्रेजी भाषामा अनुवाद गर्नुभएको छ ।

The Ramayana of Bhanubhakta (२०१५) उहाँको प्रकाशित अनुवाद कृति हो । नेपाली, हिन्दी र अङ्ग्रेजी भाषामा साहित्य सिर्जना गर्नु हुने डा. सिन्हाको Beside Ghalib (1987), Tagore (1997), Dovkota (2009), Tha Quran (1980, the first ever in Nepali), The Bible (2000 & 2002, in association with the World Bible Translation Centre) and the Gita (2008, in Jhyaure, a Nepali folk meter) रहेका छन् । यस्तै अन्य थुप्रै फुटकर रचनाहरूको पनि अनुवाद गर्नुभएको छ । उहाँका विभिन्न विधाका २५ पुस्तक प्रकाशित रहेका छन् ।

अनुवादक सिन्हाले पछिल्लोपटक 'The Ramayana of Bhanubhakta' (2015) को अनुवाद गर्नु भएको छ । नेपाली रामायणको अङ्ग्रेजीमा अनुवाद यो पहिलो मानिन्छ । यस्तै …A Treatise on Nepali LanguageÚ -1978_ and …Role of the Gorkhas in Making of Modern IndiaÚ -2006)को पनि अनुवाद गर्नुभएको छ ।

यस्तै सम्पादनमा 'A Lexicon of Linguistic and Literary Terms' (2004), 'An Intensive Course in Nepali' (2003) and 'Nepali Annotated Cultural Vocabulary' (2008) रहेका छन् ।

यसअघि युगेन्द्र क्षेत्री अन्तर्राष्ट्रिय अनुवाद पुरस्कारबाट प्रा. डा. गोविन्दराज भट्टराई र लक्ष्मीकान्त जोशी राष्ट्रिय अनुवाद पुरस्कारबाट जीवन नामदुङ पुरस्कृत हुनुभएको थियो ।


## पशु चौपायालाई लम्पी स्किन रोगबाट बचाऔं

लम्पी स्किन रोगका लक्षणहरु:

- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने।
- दानापानी कम खाने र दूध उत्पादन घट्ने।
- छालामा गिर्खा/गाँठाहरु देखिने, केही समय पछि हराउने वा फुट्ने र किरा औंसा पर्नसक्ने।
- नाक,मुख, कल्चौडा र थुनमा घाउ हुने।
- आँसु, र्‍याल, सिंगान आउने चिप्रा कचेरा लाग्ने।
- खुट्टा जोर्नि सुनिने।
- गोबर तथा पिसाबमा आलो रगत देखिन सक्ने।

यस्ता लक्षण देखिएमा,

- रोगी पशुलाई अलग्गै राखौं।
- रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो, सख्खर पानीलगायत झोलिलो पदार्थ र नरम घाँस खुवाऔं।
- ज्वरो आएको पशुलाई आराम गराऔं।
- नजिकको पशुचिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

म्यूजिक खबर
काठमाडौं, जि.प्र.का. दर्ता नं २३२/०७३/०७४

# अनिताको यात्राः म्यूजिक भिडियोदेखि चलचित्रसम्म

■ सविता पोखरेल/म्यूजिकखबर



मोडल अनिता गिरी नेपाली ग्ल्यामर क्षेत्रमा उदाउँदो मोडेल हुन् । खोटाङदेखि मोडल बन्ने सपना बुन्दै राजधानी आएकी अनिता यतिबेला म्युजिक भिडियो, फेशन शो, चलचित्र देखि विभिन्न कार्यक्रमहरूमा ब्यस्त छिन् । रहरै रहरमा अभिनय क्षेत्रमा लागेकी अनिता अहिले प्रोफेसनल मोडल भइसकेकी छिन् । म्युजिक भिडियो अभिनयमा राम्रो चर्चा पाइरहेकी छन् । म्युजिक भिडियोमा उनको माग बढ्दो छ ।

नेपाली चलचित्र तथा मोडलिङ क्षेत्रमा जस्तै पछिल्लो समय चलचित्रमा समेत ब्यस्त बन्दै छिन् । मोडलिङ सुरू गरेको छोटो समयमा ४ वटा चलचित्र तथा दर्जनौं दर्जन म्युजिक भिडियोहरूमा अभिनय कौशलता देखाइसकेकि छिन् । सानैदेखि अभिनय र नृत्य भनेपछि हुरूक्क हुने उनको पहिलो गीतको भिडियो 'वैगुनीले गएको थियो छोडेर' रहेको थियो । त्यसयता उनले 'सजाए तिम्रो माया', 'लगन जुयी घरबार हुनलाई', 'तिम्रो साथ', 'केयर गर्दैनौ', ' तिमीलाई भुल्न' जस्ता एक दर्जन भन्दा बढी गीतका भिडियोमा आफ्नो कुशल अभिनय पस्किसकेकी छिन् ।

म्युजिक भिडियोमा अभिनयको तारिफ सँगसँगै थुप्रै अवार्ड पनि हात पारी सकेकी छिन् । उनी विगत ७ वर्षदेखि निरन्तर कला क्षेत्रमा काम गरिरहेकी छिन् । ओडिनल, डेरिमिल्क, नेपाल आइस लगायतका थुप्रै विज्ञापनमा पनि अभिनय गरीसकेकी अनिताले डेढ दर्जनजति फेशन र्‍याम्पमा पनि आफूलाई हिँडाएकी छिन् ।

दर्जनौं म्युजिक भिडियोमा अभिनय गरिसकेकी अनिता अब ठूलो पर्दामा आफ्नो अभिनय कला देखाउने तयारीमा छिन् । कर्ममा दृढ संकल्प, आफ्नो चरित्र निर्माणमा उतिकै मिहिनेत र अभिनयप्रतिको समर्पण, आकर्षक व्यक्तित्व यिनै विशेषताका कारण निर्देशकको रोजाइमा पर्दै आएकी हुन् । अब ठूलो पर्दातर्फ जम्ने तयारीमा लागेकी उनी विक्की महर्जनको चलचित्र 'द आउट लेयर'मार्फत डेब्यु गरेकी छिन् । म्युजिक भिडियो र फेशन शो हरूमा तारिफ बटुल्न सफल अनिता ठूलो पर्दामा कत्तिको जम्ने हुन् त्यो त भबिष्यले नै बताउँछ । तर, उनी भने पूर्ण तयारीका साथ आफू यो क्षेत्रमा आएको दाबी गर्छिन् ।

अभियन क्षेत्रमा नै पूर्ण रूपमा समर्पित भएर लागेको बताउँछिन् । उनी अभिति भिडियोहरूलाई हेर्दा भन्न सकिन्छ– सबै प्रकारको भूमिकालाई न्याय गर्न सक्ने खुबी छ उनीमा । अभिनय तथा नृत्यमा पोख्त अनिता सुन्दर मुहार र आकर्षक शरीरको धनी छिन् । चिटिक्क मिलेको शरीर अनि सुन्दर मुहारनै उनी प्रतिको आकर्षण हो । उनी मेहनतका साथ अभिनय र कलालाई अझै निखारता ल्याउँदै सिने नगरी तथा मोडलिङमा स्थापित हुन् चाहन्छिन् । म्युजिक भिडियोमा प्रसस्त सम्भावना देखेकी उनले भनिन् – 'अब चलचित्र र मोडलिङमै क्यारिअर बनाएर स्थापित हुन्छु र यहि क्षेत्रमा आफ्नो क्षमता प्रदर्शन गरेर आफ्नो छुट्टै पहिचान बनाउँछु । अनुशासन र कामप्रतिको इमानदारी भयो भने कलाकारितामा टिक्न सकिने उनको बुझाई छ ।







म्यूजिक खबर पाक्षिकका लागि प्रकाशक/सम्पादकः सविता पोखरेल (९८४१७१०७५१), प्रधान सम्पादकः सुमन बैरागी (९८५१००७४३०), निर्देशकः मिलन मोक्तान (९८५१०२३५७६)
कार्यालयः कपुरधारा, काठमाडौं । फोनः ०१-४०१०५४५ इमेलः musickhabar .com@gmail .com, musickhabarnews@gmail .com, मुद्रणः लक्ष्मी गणेश प्रेस प्रा.लि. बागबजार काठमाडौं